राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २५, अङ्क– ३, साउन २४ गते शुक्रबार, २०७६ (9 August, 2019) www.janajibro.com मूल्य रू. १०/–

## को–को उडे प्रधानमन्त्री ओलीसँग सिंगापुर ?

**काठमाडौं ।** नियमित स्वास्थ्यपरीक्षणका लागि प्रधानमन्त्री केपी शर्मा ओली शनिबार राति सिंगापुरतर्फ प्रस्थान गरेका छन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अति विशिष्ट कक्षमा पत्रकारहरूले राखेका जिज्ञासाको जवाफमा प्रधानमन्त्री ओलीले आफू स्वास्थ्योपचार गराउन सिंगापुर जान लागेको संक्षिप्त प्रतिक्रिया दिए ।

प्रधानमन्त्रीका साथमा उनका श्रीमती राधिका शाक्य, प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमाल, निजी चिकित्सक डा. दिव्यासिंह शाह, स्वकीय सचिव राजेश ब्रजाचार्यसहित नौ जना सहभागी रहेको उनका प्रेस संयोजक चेतन अधिकारीले जानकारी दिए ।

उनलाई बिदाइ गर्न राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, उपप्रधान तथा रक्षामन्त्री ——क्रमशः अन्तिम पृष्ठमा

## कहाँ पुग्यो सरकार र विप्लव नेकपाका वार्ता ?

**काठमाडौं ।** नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य मोहन कार्की 'जीवन्त' रिहा भएका छन् ।

सरकार र विप्लव नेकपाबीच वार्ताको विकल्प छैन भनी केही अघि सञ्चार माध्यमबाट अभिव्यक्ति दिएका जीवन्तको रिहाइले वार्ताको पक्षमा सकारात्मक परिवेश बन्दै जाने आँकलन गर्न थालिएको छ । नेता जीवन्त सो पार्टीका एक प्रभावशाली नेता मानिन्छन् । नेता कार्की ०७५ चैत १ मा ललितपुरको च्यासलबाट गिरफ्तारीमा परेका थिए ।

उनलाई काठमाडौंमा तीन पटक तथा नुवाकोट र संखुवासभामा गरी पाँच ठाउँमा घुमाएर हिरासतमा राखिएको थियो । १ सय ४३ दिन हिरासत बसाइपछि उनी रिहा भए । उनी यसअघि पनि पाँच ठाउँमध्ये तीन ठाउँबाट साधारण ——क्रमशः अन्तिम पृष्ठमा

# उपचारमा लापरबाही गर्नेलाई कारबाही गर्न माग

## तराईमा डुबान र पहाडमा सुक्खाको स्थायी समाधान खोज्न आग्रह

■ **जनजिब्रो संवाददाता**——




**काठमाडौं ।** प्रतिधिनिध सभाको शून्य समयमा आ–आफ्नो भनाइ राख्ने सांसदहरूले विरामीको उपचारमा लापरबाही गर्ने चिकित्सकलाई कारबाही गर्न तथा पहाडमा सुक्खाग्रस्त र तराईमा डुबानलगायत समस्याको स्थायी समाधान खोज्ने सरकारको ध्यानाकर्षण गराएका छन् ।

शून्य समयमा सुनसरी धरान उपमहानगरपालिका लगायत मुलुकभरका विभिन्न जिल्लामा फैलिएको डेङ्गुका बिरामीका उपचार गर्न समेत सरकारको ध्यानाकर्षण गरिएको छ ।

सांसदहरू राजेन्द्रकुमार राई र रानी मण्डलले तराईमा डुबानको समस्याका कारण धेरै मानिस घरबारविहीन भएको भन्दै तिनीहरूका लागि सरकारले तत्काल राहत प्रदान गर्न आग्रहका हुन् । सांसद महेश्वरजङ्ग गहतराजले तराईमा वर्षैपिच्छे डुबानका कारण ठूलो धनजनको क्षति भएको हुँदा शहरी विकास मन्त्रालयले डुबानमुक्त घरका नक्सा बनाई डुबानमुक्त घर निर्माण गर्नुपर्ने सुझाव दिए ।

यस्तै सांसद रामकुमारी झाँक्रीले सरकारी अस्पतालभन्दा गैरसरकारी अस्पतामा मानिसको अकालमा मृत्यु भइरहेको र मानिसको जीवन जस्तो अमूल्य चीजलाई लापरवाही गर्ने निजी अस्पताका डाक्टरलाई कारवाही गर्न सरकारको ध्यानाकर्षण गराए । बजारमा बेच्न ——क्रमशः अन्तिम पृष्ठमा

# 'लाल आयोगको प्रतिवेदन सार्वजनिक गर'

## सर्लाहीका घटनाबारे अध्ययन गर्न समिति गठन गर्ने सहमति

**काठमाडौं ।** सत्तापक्ष र प्रमुख प्रतिपक्षी दलसहित राष्ट्रिय जनता पार्टीका बीचमा 'अध्ययन तथा सुझाव संसदीय विशेष समिति गठन' गर्ने सहमति जुटेसँगै प्रतिनिधिसभाको गतिरोध अन्त्य भएको छ ।



सर्लाही जिल्लामा घटेका अलग–अलग तीन घटनाको अध्ययन गर्न संसदीय समिति गठन गर्नुपर्ने तथा 'लाल अयोग' को प्रतिवेदन सार्वजनिक गर्नुपर्ने माग राख्दै प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेस र राजपाले छब्बीस दिन यता संसदको बैठक अवरुद्ध पार्दै आएका थिए ।

सदनको सोमबारको बैठकले संसद् बैठकमा आइपर्ने समस्या र गतिरोधका विषयलाई सहमति र सहकार्यबाट सम्बोधन गर्न 'अध्ययन तथा सुझाव संसदीय विशेष समिति' गठन गर्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेसँगै सदनको गतिरोध हटेका हो ।

सदनको बैठक सुरु हुनुपूर्व सभामुख कृष्णबहादुर महराको विशेष पहल र संयोजकत्वमा सोमबार बसेको सर्वपक्षीय बैठकले ——क्रमशः अन्तिम पृष्ठमा

## जमिनदारले कब्जा गरेको शिविर पुनः सुकुम्बासीलाई

**काठमाडौं ।** मोहन वैद्य 'किरण' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) ले कैलालीको हरैयास्थित सुकम्बासी शिविर कब्जा गरेको छ ।

दसवर्षे जनयुद्धका क्रममा तत्कालीन माओवादीको पहलमा बसाइएका सुकुम्बासीलाई हटाएर जमिनदार–सुदखोरहरूलाई बसाइएको शिविर बुधबार क्रान्तिकारी माओवादीले कब्जा गरेको ——क्रमशः अन्तिम पृष्ठमा



# वर्गभेद र जातीय विभाजन

**समय–सन्देश**
**रामराज रेग्मी**

तीन राज्यकालीन नेपाली समाजमा खेतपातीको साथसाथै विभिन्न कुटीर उद्योगहरू र व्यापार–व्यवसायको उदय भयो । तीनवटै राज्यहरू ठूला देशहरूबीचका व्यापारिक मार्गमा परेकाले व्यापार–व्यवसायको क्रममा बाहिरि जनसङ्ख्या यहाँ आकर्षित भयो ।

धर्म प्रचारका क्रममा विभिन्न हिन्दू सम्प्रदायका मानिसहरू र बौद्ध भिक्षुहरू ओइरिन थाले । भारतका विभिन्न राज्यहरूमा भएको आपसी युद्धले गर्दा शरणार्थीहरू भित्रिने क्रम पनि बढ्यो । यी विभिन्न कारणले गर्दा समाजमा विभिन्न वर्गहरू देखा परे ।

समाजको सबैभन्दा माथिल्लो तहमा राजा, युवराज र राजपरिवारका सदस्य थिए । राजपरिवारभन्दा एक तह तल मन्त्रिपरिषद् र विभिन्न पदमा रहेर राजकाजमा सहयोग गर्ने महामात्य, अमात्य, मुल्मी, राजपुरोहित, राजगुरु आदि केन्द्रीय सामन्तहरू थिए । स्थानीय तहमा विषयाधिपति, मण्डलेश्वर, पात्र, महापात्र, क्वाथनायक बिर्तावाल, गुठयार, जागिरदार जस्ता सामन्तहरू थिए ।

बढ्दो व्यापार व्यवसायले समाजमा वैश्य ठकुरी जस्तो नवधनाढ्य वर्गको उदय भएको थियो । सबैभन्दा तल्लो तहमा कालिगडहरू र भू–दास किसानहरू थिए । समाजमा निर्धनता बढ्दै गएकाले तल श्रमजीवी वर्गको सङ्ख्या बढ्दै थियो ।

राजामहाराजहरू र सामन्तहरूको जीवनचर्या विलासी प्रकृतिको थियो । धेरैजसो जग्गा बिर्ता, गुठी, जागिरमा जाने हुनाले केवल रैकरको आयस्तरबाट विलासीपूर्ण जीवन धान्न मुस्किल भएकाले तिनले कुत र पोतका साथै अनेकौं करहरू उठाउने गर्थे । उनीहरूले जनताले तिरेको पोतलाई अनुत्पादक काममा लगाउँथे ।

जनताबाट बटुलेको कमाइबाट अजङ्गका महल र दरबार बनाई बस्थे । पृथ्वी मल्लको कनकपत्रमा उल्लेखित सिञ्जाको चारतले दरबार, भक्तपुरका त्रिपुरा र युथेनियम दरबारहरू, अनि सिमरौनगढको दरबार यी सबै किसानको पसिना लुटेर बनाइएका थिए । जुम्ली राजा सदर्शन शाहीले जडान भेकबाट रू. ३००० र खसान भेकबाट रू. ६००० उठाई छिनासिममा बडेमानको दरबार बनाएका थिए । सामन्त र राजामहाराजाहरूले ठूलो धनराशि खर्च गरी अनेक प्रकारका मनोरञ्जन प्रदान गर्ने खेलहरूका ——क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। **-लेनिन**

**जनजिब्रो साप्ताहिक**
वर्ष- २५, अङ्क- ३, साउन २४ गते शुक्रबार, २०७६

## सम्पादकीय

# बाढीपहिरो र डुबान : समस्या स्थायी, समाधान सधैं अस्थायी

हरेक वर्ष सुदूरपश्चिमका कयौं जिल्लाका नागरिक भोकमरीले मर्दछन् । प्रत्येक वर्ष पहाडमा पहिरोका कारण सयौं नागरिकले मृत्यु व्यहोर्छन् र हजारौंले घरबास गुमाउँछन् । त्यसैगरी, सालैपिच्छे तराईका वासिन्दा डुबानको भीषण त्रासदीबाट गुज्रन्छन् ।

तर, सरकारले यी र यस्ता खाले स्थायी समस्याको दीर्घकालीन र स्थायी समाधान कहिल्यै खोज्दैन । बरु मृतकका परिवारलाई केही रकम राहतको घोषणा गर्छ, केही प्याकेट चाउचाउ, बिस्कुट र च्युरा अनि पुराना-झुत्रा लुगा तथा पाल र कम्बल वितरण गरेर मनग्गे राहत दिइएको ढोल पिट्दछ । ती सामग्री पनि एकाध पीडितको हातसम्म पुग्दछन् नत्र धेरैजसो त शक्तिकै खेलाडीहरू र पहुँचवालाहरूका निम्ति प्रचार, रवाफ प्रदर्शन र कमाइका माध्यम मात्रै बन्दछन् ।

यसरी स्थायी समस्याहरूको अस्थायी 'समाधान' मा मात्र रमाइरहने राजनीतिक प्रणाालीलाई नै भनिन्छ क्यार प्रतिक्रियावादी-जनविरोधी राज्य व्यवस्था । यदि राज्य र शासकहरू जनताप्रति उत्तरदायी, जवाफदेही र चिन्तित छन् भने दशकौंदेखि बारम्बार दोहोरिँदै आएका एकैखाले विपत्तिका के-कति समाधान खोजिए ? र, समाधानका के-कस्ता उपाय अपनाइए ? राज्यसँग यसबारे न कुनै तथ्यांक छ न त कुनै योजना, दृष्टिकोण र प्रयास अगाडि आएका छन् ।

# पूरा होला...

आयोजना गर्दथे ।

तीन राज्यकालमा देखा परेको यस प्रकारको वर्गीइ विभेदलाई संस्थागत गरेर शोषणलाई कायमै राख्न लिच्छवि कालमा नै समाजमा हिन्दु वर्णाश्रम व्यवस्थालाई आयात गरिएको थियो । तर यो व्यवस्था दरो गरी लागु हुन नसक्दा माथिल्लो वर्गलाई आफ्नो शोषणको जालो फैलाउन कठिनाइ भएकाले शासक वर्गले यसलाई कडाइका साथ लागू गराउने नीति अपनायो । समाजमा वैष्णव धर्मको विस्तारका साथै राजतन्त्रको अवस्था सुदृढ हुँदै गएकाले वर्णव्यवस्थालाई कट्टर बनाउने आधार तयार भएको थियो । त्यसो भएकाले शासक वर्गले विधिन्न वर्ण र जातिबीच कामको स्थायी विभाजन गरी जनतालाई एकआपसमा नजिक हुन नदिएर शासन गर्न भारतीय हिन्दु समाजमा प्रचलित मनुस्मृतिलाई नेपाली समाजमाा आयात गऱ्यो र पेसा व्यवसायको आधारमा कुनै जातिलाई उच्चसम्मान दिने र कसैलाई छिछि र दूरदूर गर्ने वर्णव्यवस्था लागू गऱ्यो । समाजमा ब्राह्मणले पूजापाठ र अध्ययनअध्यापन गुर्नपर्ने, क्षत्रीयले सत्ता सञ्चालन र सुरक्षाको काम गर्नुपर्ने, वैश्यले व्यापार व्यवसाय चलाउनुपर्ने र शूद्रले अरु वर्णका मानिसको सेवा गर्नुपर्ने र तीसँग अरुले संसर्ग गर्न नहुने नियम कडाइका साथ बसालियो । यस प्रकारका जातीय विभेदको नीतिबाट शूद्रहरू चर्को मारमा परे । शूद्रको निम्ति गाउँबाहिर बसोबास गर्नुपर्ने, अरुको जुठोपुरो खानुपर्ने, गहना लगाउन नपाउने, सामर्थ्यवान् भए पनि सम्पत्ति आर्जन गर्न नपाउने, पठनपाठनको त के कुरा वेद र धर्मशास्त्रका वाणी सुन्न पनि नपाउने नियम बसालियो । माथिल्लो जातिले शूद्रलाई छुन नहुने यदि केही गरी छोइहालेम चोखिनुपर्ने नियम बनाइयो । शूद्रमाथि विभेदको व्यवस्था मात्र होइन, मर्यादा नाघ्दा कठोर खालका दण्डको व्यवस्था गरियो । तिनले माथिल्लो जातिका मानिसलाई दुर्वाच्य प्रयोग गरेमा जिब्रो काटिदिने अथवा फलाम तताएर मुख पोलिदिने, माथिल्लो जातिमा आक्रमण गरेमा जुन अङ्ग प्रयोग भएको हो, त्यही काटिदिने जस्ता अपराधपूर्ण दाण्डिक व्यवस्था अपनाइयो।

श्रमविभाजनको यस प्रकारको विकृत परम्परा नेपालका तीनवटै राज्यहरूमा भित्रिएको पाइन्छ । नेपाल मण्डलमा वर्णव्यवस्थाको विकृत रूप जातीय छुवाछुत प्रथा जयस्थिति मल्लको पालामा सुदृढ हुन पुग्यो । उनले नेवार समुदायमा कट्टर खालको छुवाछुत प्रथा चलाए । अन्य दुई राज्यमा पनि त्यही समयमा भारतीय संस्कृतिको प्रभावको फलस्वरूप छुवाछुत प्रथा भित्रियो । खस राज्यमा बाह्य प्रभाव पुर्नभन्दा पहिलेदेखि नै समाजमा विद्यमान वर्गीय भिवेदको परिणामस्वरूप पुरोहित, शासक, कृषक र शिल्पकार गरी चार श्रेणीमा मानिसहरू विभक्त थिए । पुरोहितमा खस-ब्राह्मण ( भट्ट) थिए भने शासकमा खस-राजपूत थिए । पछिल्लो अवधिमा वैदिक आर्यहरूको प्रभावमा परेपछि खस शासकहरूले दक्षिणी भारत कर्नाटक प्रदेशबाट ब्राह्मण पुरोहित झिकाई परम्परागत विभाजनलाई आधार बनाएर भारतीय ढाँचाको विभेदयुक्त वर्णव्यवस्था र छुवाछुत प्रथा आयात गरे । तिनले त्यहाँको खस सभ्यतालाई हिन्दूकरण गर्दै ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र गरी चार वर्णमा र विभिन्न जातउपजातमा बाँडे र आर्य-खस संस्कृतिलाई जन्म दिए । पुरोहित काम गर्नेलाई ब्राह्मण, राजकाजमा भाग लिनेलाई राजपूत ठकुरी क्षेत्र र कृषि पेसा अपनाउनेलाई खस र शिल्पकार पेसा अपनाउनेलाई शूद्रको श्रेणीमा विभाजित गरियो । कत्युरी शासकहरू तागाधारी राजपूत ठकुरी र क्षेत्री भए भने निम्न आर्थिक अवस्था भएका खसहरू मतवाली खसकै श्रेणीमा रहे । दर्जी, टोमटा, मोची, लोहार, धोवी, वादी आदिलाई शूद्रमा राखियो र तिनको स्थायी पेसाको वर्गीकरण गरियो जस्तो कि दर्जीले कपडा सिउने, टोमटाले तामाका भाँडाकुडाँ बनाउने, मोचीले छालाको काम गर्ने, लोहारले फलामको काम गर्ने, धोवीले लुगा धुने, वादीले मङ्गल गान गाउने आदि । ब्राह्मणहरू उपाध्याय र जैसी दुई थरीमा विभाजित गरिए । पछिल्लो अवधिमा आर्थिक सम्पन्नता हासिल गर्ने अथवा राज्यसत्ताका अंगमा पुग्ने मतवाली खसहरू शासकहरूका कृपाबाट तागाधारीमा उक्लेका प्रमाणहरू थुप्रै भेटिन्छन् ।

तिरहुत राज्यको सम्बन्धमा राजा हरिसिंहदेवले आफ्ना मन्त्री सूर्यकर ठाकुरको सहयोगमा जातजाति सम्बन्धी व्यवस्था बाँधेको देखिन्छ । मिथिलामा प्रचलित 'पन्जि व्यवस्था यसैको परिणाम हो, जनअन्तर्गत जाति प्रथालाई कठोर र अरु व्यवस्थित बनाइएको थियो । तिरहुत राज्यमा पनि बाहुन, क्षेत्री, वैश्य र शूद्रमा समाज वर्गीकरण भएकोमा पछि विभिन्न वर्गलाई पनि विभिन्न जातिउपजातिमा वर्गीकरण गरेको पाइन्छ । शूद्रअन्तर्गत रहेका जातिहरू डुम, मेहत्तर, मुसहर, चमार, अहीर, कुर्मी, वादी आदि थिए । नेपालमण्डलमा केन्द्रीय तथा स्थानीय सामन्तका विद्रोहहरू दबाएपछि जयस्थिति मल्लले विभेदकारी भारतीय जातिप्रथा आयात गरेका हुन् । उनलाई जातीय व्यवस्थाको बन्दोबस्त मिलाउन तिरहुतकै हिन्दू वर्णव्यवस्थाले सहयोग पुऱ्याएको थियो । उनी यति उग्र भए कि प्राचीन हिन्दु संस्कृतिले नलगाएका अनेक बन्देजहरू समेत शूद्रमाथि लगाए । भारतबाट हिन्दू बाहुन झिकाएर तिनको सल्लाह र निर्देशनमा लिच्छविकालीन समयदेखि चल्दै आएको ४ वर्ण १८ जात भएको सामाजिक संरचनालाई बदली ४ जात ३६ वर्णमा चित्रकारले चित्र बनाउने, सुवर्णकारले सुनका गहना बनाउने, ताम्राकारले तामा र काँसका भाँडाकुँडा बनाउने, साल्मीले तेल पेल्ने, कर्माचार्यले पूजाआजा गर्ने, छिपाले कपडा रङ्ग्याउने आदि । नेवार समुदायलाई आचार्य, वैद्य, श्रेष्ठ र दैवज्ञ गरी चार समुहमा विभाजन गरियो । आचार्यलाई पुनः तीन समुहमा, वैद्यलाई चार उप-समुहमा र श्रेष्ठलाई अनेक उप-समुहमा विभाजित गरियो ।

नेपालमण्डलको मल्ल राज्यमा भन्दा अन्य दुई राज्यमा जातीय विभाजन कुन अर्थमा भिन्न थियो भने ती राज्यमा यो विभाजन विस्तुत नभएर सीमित मात्रामा थियो । त्यहाँ पैसाको आधारमा वर्गीकृत जातिहरू दमाई, सार्की, कामी, सुनार, धोबी आदि सारै थोरै मात्र थिए । उपत्यकाका मल्ल राज्यहरूमा भने पेसाको आधारलाई लिएर विस्तृत जातीय वर्गीकरण गरियो । यो राजातन्त्रलाई सबल बनाउने कार्य थियो । समाजका विभिन्न वर्गका मानिसहरूलाई जातीय आधारमा विभाजन गरिदिएमा राजतन्त्रले गरेको शोषणको विरोधमा सबै रैतीहरू एकगठ भई उत्रन सक्दैनन् भन्ने चलाखी थियो । जयस्थिति मल्लले भारतबाट कथित विद्वानहरू झिकाएर हिन्दुधर्मको आडमा राजतन्त्रको प्रभुत्व विस्तार गर्न दिव्यशुद्धिका नियमहरू र 'मानव धर्म शास्त्र' नामका ग्रन्थहरू तयार गर्न लगाए । जैसीलाई उपाध्याय ब्राह्मणभन्दा तल्लो श्रेणीमा राखियो । जनतालाई छुत र अछुत अथवा पानी चल्ने र नचल्ने जातिमा विभाजन गरियो । पोडे र कसाईलाई पानी नचल्ने जातिमा राखिएको मात्र होइन, तिनलाई लवाइखुवाइको बन्धनमा पनि बाँधियो ।

केही इतिहासकारहरूले जयस्थिति मल्लले लागू गरेको जातीय विभाजनलाई जनताले स्विकारेको कुरा अघि सार्दै उनलाई सुधारक भनेका छन् । तर जातीय विभाजन श्रमलाई विशिष्टीकरणको दिशातर्फ लैजाने मनसायले भन्दा पनि जनतालाई विभाजन गर्ने र फुटाउने अभिप्रायले गरिएको थियो । पेसाअनुसार रहनसहन, भेषभूषा र खानपिनमा गरिएको भिन्नताले ठूलो-सानो, उँच-नीच, धनी-गरिब जस्तो सामाजिक भेदभाव बढ्न गयो । जयस्थिति मल्लले शारीरिक दण्ड दिने ठाउँमा आर्थिक दण्ड दिने नियम बसाले ।

तर त्यतिखेरको दाण्डिक व्यवस्था जातअनुसार फरक हुने भएकाले सुधार भए पनि विभेदपूर्ण थियो । माथिल्लो जातिले अपराध गर्दा कम सजाय दिने र तल्लो जातिले अपराध गर्दा कडा सजाय दिने परिपाटी समाजमा चलाइयो । मानिसलाई धर्म परिवर्तन गर्न छुट थियो, तर जात परिवर्तन गर्न सख्त मनाही थियो । जनताबाट यस्तो अन्यायको विरोध नभएको होइन, घण्टाकर्ण नामक व्यक्तिको नेतृत्वमा विरोध भएको थियो । *(नेपालको इतिहास एक मार्क्सवादी दृष्टिकोणबाट)*

# सिक्नु र...

छौं कि एउटा बच्चा जन्मेर हुर्कन र दुनियाँ बुझ्ने प्रक्रियामा उसले ज्ञानबाट होइन प्रत्यक्ष व्यवहारिक क्रियाकलापबाट आरम्भ गर्दछ । व्यवहारिक क्रियाकलापको प्रक्रियामा अनगिन्ती गल्ती, कमजोरी गर्दै ठक्कर खाँदै तथा त्यसबाट शिक्षा लिँदै एउटा बच्चा प्रौढ बन्दछ । त्यसका साथै यहाँ के कुरा पनि छर्लङ्ग छ, भने विकासको त्यो प्रक्रियामा संरक्षकको आवश्यकता दिशा, निर्देशन र संरक्षण प्राप्त गरेन भने बच्चाको मृत्यु हुन जान्छ ।

हामीलाई थाहा छ कुनै पनि वस्तुको तितो, गुलियो, टर्रो, अमिलो आदिको स्वाद थाहा पाउन त्यसलाई चाखेर प्रत्यक्ष अनुभव गर्नु अनिवार्य हुन्छ । यसलाई माओले नास्पातिको स्वाद थाहा पाउन नास्पाति खाएर नै हेर्नु पर्दछ भनेर स्पष्ट गर्नु भएको छ । तर, पूर्व जानकारीमा आइसकेको साँचोलाई ध्यान नदिई जुनसुकै कुराको पनि स्वाद थाहा पाउन चाख्न थाल्दा विष समेत खाएर मर्ने खतरा हुन्छ । पौडी खेल्न पानीमा प्रवेश गर्ने नाममा पौडी खेल्ने शिप आर्जन गरिसकेको मानिसहरूको शिक्षालाई दिइ पानीको गहिराई, धार र आफ्नो शिकारूपनलाई विचार नगरी अन्धाधुन्द पानीमा हामफाल्यो भने डबुेर मर्ने खतरा त्यहाँ रहन्छ । उपरोक्त सबै उदाहरणमा सिद्धान्त र व्यवहारको उचित समायोजन अर्थात् तिनीहरूको द्वन्द्वात्मक सम्बन्धमा नै सफलता निर्भर रहने कुरा स्पष्टसँग देख्न सक्दछौं । तर, यहाँ गुदी कुरा के हो भने नयाँ ज्ञान हासिल गर्न मासिनका लागि प्रत्यक्ष व्यवहारिक क्रियाकलापमा प्रवेश गर्नु बाहेक अर्को विकल्प छैन । क्रान्तिका सन्दर्भमा पनि ठीक यहि कुरा लागू हुन्छ । हामीले इतिहास र अन्य देशका क्रान्तिका अनभवबाट सैद्धान्तिक शिक्षा अवस्य लिनु पर्दछ, त्यो शिक्षाले दिशा निर्देशन र संरक्षणको महत्त्वपूर्ण भूमिका खेल्दछ । तर, नेपाली क्रान्तिको वास्तविक ज्ञान हासिल गर्न, नेपाली क्रान्तिको प्रत्यक्ष व्यवहारमा हिस्सा लिनै पर्दछ । युद्धका सन्दर्भमा यो कुरा अझ सटिक रूपमा बुझ्न सकिन्छ । सामान्य युद्धका नियम र सिद्धान्त, क्रान्तिकारी युद्धका नियम र सिद्धान्तहरूको गहिरो ज्ञान हुनै पर्दछ । तर नेपाली जनयुद्धका विशेष नियम र सिद्धान्तहरू प्रत्यक्ष युद्धमा नगई सिक्न असम्भव छ । युद्धमा प्रवेश नगरी नेपाली जनयुद्धका सबै विशेष नियमहरूको माग गर्नु जनयुद्धको विरोध गर्नु बराबर हो ।

यस सन्दर्भमा माओ भन्नुहुन्छ- 'क्रान्तिकारी युद्ध आम जनताको काम हो, यसमा प्राय यस्तो हुँदैन कि पहिला सिक्ने र पछि काम गर्ने, बरु यस्तो हुन्छ कि पहिले काम शुरु गर्ने र पछि सिक्ने, किनभने काम शुरु गर्न स्वयम आफैंमा सिक्नु नै हो ।'

सिद्धान्त भनेको आखिर मानिसले विगतमा गरेका व्यवहारिक क्रियाकलाप र अनुभवहरूको संश्लेषण नै हो । त्यसैले भावी कामका निमित्त बाटो देखाउने काम गर्दछ, नै हो । त्यसले भावी कामका निमित्त बाटो देखाउने काम गर्दछ, तर त्यसमा परिवर्तनको अनन्त गतिशिल प्रवाहमा रहेका घटना प्रक्रियाका बारेमा सजीव र नविन अनुभूति प्रदान गर्न सक्दैन । त्यसका लागि व्यवहारमा जानै पर्दछ । तयसकारण मार्क्सवाद-लेनिनवाद-माओवादले अर्थात द्वन्द्वात्मक भौत्तिकवादी ज्ञानसिद्धान्तले व्यवहारलाई नै प्रथम स्थान दिन्छ । सिद्धान्तको महत्त्वलाई जोड दिनुको माार्क्सवादीहरूको एक मात्र अर्थ संसार बदल्ने व्यवहारलाई बल पुऱ्याउनु नै हो । ज्ञान प्राप्तिको प्रक्रियामा मानिसले प्रत्यक्ष व्यवहारिक अनुभवबाट प्रारम्भ गरेर तर्कसंगत ज्ञानमा फड्को मार्दछ तथा तर्कसंगत ज्ञानबाट पुनः व्यवहारिक जीवनमा अर्को फड्को मार्दछ । ती दुई फड्कोमा तर्क संगत ज्ञानबाट क्रान्तिकारी व्यवहारमा हुने फड्को नै प्रधान महत्त्वको हुने कुरा माओले 'व्यवहारबारे' भन्ने आफ्नो प्रशिद्ध रचनामा स्पष्ट व्याख्या गर्नु भएको छ ।

हामीले यहाँ बुझ्नु पर्ने कुरा के हो भने नेपाली क्रान्तिको रणनीति र कार्यनीतिको सैद्धान्तिक निर्धारण हुनु भनेको तर्कसंगत ज्ञान प्राप्त गर्नु हो । अब प्रधान प्रश्न क्रान्तिकारी व्यवहारमा छलाङ्ग हान्नु हो । नेपाली क्रान्तिको आजको यहि ऐतिहासिक आवश्यकता हो । सिक्नु र गर्नुका बीचको सम्बन्धबारे सही धारणा बनाउनु भनेको यथार्थमा क्रान्तिकारी व्यवहारमा प्रवेशका लागि तम्तयार हुनु नै हो ।

# मेसिन बिगार्दै, बिरामी जति निजीमा पठाउँदै : वीर अस्पतालको बेहाल

**काठमाडौं** । एमआरआई मेसिन उदघाटन गरेर मन्त्रालय पुगेका उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले भोलिपल्टै उक्त मेसिन 'बिग्रेको' खबर पाए । पर्सिपल्ट थाहा पाए- 'मेसिन बिग्रेको होइन, बिगारिएको हो ।'

अस्पतालबाट भइरहेको सेवा प्रवाहप्रति मन्त्री यादवले असन्तुष्टि जनाए । अस्पतालमा आयोजित कार्यक्रममा उनले भने- 'त्यही मेसिन सरकारीमा तुरुन्तै बिग्रने, निजीमा वर्षौंसम्म चल्ने १ उपचारका लागि आएका बिरामीलाई निजीमा पठाउने धन्दा बन्द हुनुपर्छ । प्राविधिकले उपकरण चलाउन नसक्ने र कर्मचारीले बिगार्ने हो भने पब्लिक-प्राइभेट पार्टनरसिपमा जान सक्छौं ।'

जनताको करले सञ्चालित अस्पतालको सम्मान गर्न स्वास्थ्यमन्त्री यादवले आग्रह गरे । मुलुकको ऐतिहासिक अस्पतालले १३०औं वार्षिकोत्सव मनाइरहेका बेला सेवाग्राहीको असन्तुष्टि मन्त्री यादवको भन्दा बढी छ । अस्पतालले २४ घन्टे फार्मेसी सेवा उपलब्ध गराउन सकेको छैन । अस्पतालका कार्यकारी निर्देशक डा. केदारप्रसाद सेञ्चुरी भन्छन्- 'ज्यामितीय रूपमा सेवाग्राही बढेका छन्, सेवा-सुविधा तथा उपकरण थप्ने प्रयास गरेको छु ।'

# सिक्नु र गर्नुका बीचको द्वन्द्वात्मक सम्बन्ध

— दस्तावेज —

पुष्पकमल दाहाल 'प्रचण्ड'

सामान्य जस्तो लाग्ने यो प्रश्न वैचारिक दृष्टिले गम्भीर र महत्त्वपूर्ण छ। वास्तवमा यो ज्ञान सिद्धान्त सम्बन्धि धारणा अर्थात ज्ञान र व्यवहारका बीचको आपसी सम्बन्धकै प्रश्न हो। यसबारे मार्क्सवादले इतिहासमा भौतिकवादी अवधारणा अघि सार्‍यो। गति र परिवर्तनको अनन्त प्रवाहमा ज्ञान र व्यवहारका बीचमा निरन्तर अन्योन्यक्रिया चल्ने, ती दुईका बीचमा द्वन्द्वात्मक सम्बन्ध रहने, विकास प्रक्रियाकै विशेष अवस्थाहरूमा तिनको एक अर्कामा रूपान्तरण हुने, निश्चित अवस्थाहरूमा सिद्धान्तले प्राथमिक भूमिका खेलने तर, समग्रमा र आधारभूत रूपले व्यवहार नै प्रधान रहने कुराको व्यवस्थित उद्घाटन नै ज्ञान सिद्धान्त सम्बन्धी मार्क्सवादी शिक्षाको सार हो।

तर, यसलाई ठीक ढंगले बुझ्ने र व्यवहारमा लागू गर्ने प्रक्रियामा विविध र नयाँनयाँ रूपका आदर्शवादी धारणाहरूसँग सङ्घर्ष गर्दै मार्क्सवादको विकास हुँदै आएको छ। नेपाली जनताको क्रान्तिकारी आन्दोलनको विकासको आवश्यकताले र नेपाली कम्युनिस्ट आन्दोलनमा लामो समयदेखि जरा गाडेको अवसरवादको प्रदुषणबाट मुक्त हुन समेत क्रान्तिकारी मार्क्सवादीहरूले आज यो प्रश्नमा विशेष स्पष्टता हासिल गर्न जरुरी भएको छ।

कार्लमार्क्सले, 'सामाजिक जीवन मूलतः व्यवहारीक छ। सम्पूर्ण रहस्यहरू जसले सिद्धान्तलाई हस्यवादको गलत बाटोमा पुर्‍याउँछ, मानिसले व्यवहारमा र त्यो व्यवहारको चेतनामा नै आफ्नो बुद्धिसम्मत समाधान प्राप्त गर्दछ' भनेर यसै विषयलाई स्पष्ट पार्दै हुनुहुन्थ्यो। आफ्नो सिद्धान्तको आलोचनात्मक एवं व्यवहारिक क्रान्तिकारी स्वरूपलाई मार्क्सले, 'दार्शनिकहरूले विभिन्न तरिकाबाट विश्वको केवल व्याख्या मात्र गरेका छन्, तर प्रश्न त विश्वलाई बदल्नु हो' भनेर छर्लङ्ग पार्नु भएको छ। तर वर्गीय समाजको अनिवार्य परिणामका रूपमा ज्ञान सिद्धान्त सम्बन्धी भौतिकवाद र आदर्शवादको लडाई त्यही टुङ्गिन्न। नयाँनयाँ रूपमा त्यो अगाडि बढिरहन्छ। मार्क्स, एङ्गेल्सपछिको नयाँ सन्दर्भमा देखा परेको आदर्शवादका विरुद्ध संघर्षका क्रममा लेनिनले, 'व्यवहार (सिद्धान्त) ज्ञानभन्दा ठूलो छ, किनभने त्यसमा केवल सार्वभौमिकताको गुण मात्र हुँदैन, बरु प्रत्यक्ष वास्तविकताको गुण पनि हुन्छ' भनेर व्यवहारको महत्त्वलाई स्पष्ट गर्नु भएको छ। 'ज्ञान प्राप्तिका लागि यो आवश्यक छ कि अनुभवका आधारमा ज्ञान प्राप्त सिद्धिबाट माथि उठेर सार्वभौमिकताको स्तरमा पुग्नु पर्दछ' भन्ने लेनिनकै भनाइले अनुभवको अर्थात व्यवहारको प्राथमिकतामा पर्याप्त जोड दिइएको कुरा सजिलै बुझ्न सकिन्छ। फेरि पनि यो प्रश्नमा रुढीवाद र विज्ञानवादको लडाई रोकिन्न। संशोधनवादका रूपमा बुर्जुवा आदर्शवादी विश्व दृष्टिकोणबाट मार्क्सवाद, लेनिनवादका आधारभूत वैज्ञानिक सिद्धान्तमाथिको हमला जारी रहन्छ। यस सन्दर्भमा माओत्सेतुङबाट सिद्धान्त र व्यवहारका बीचको सम्बन्धबारे मार्क्सवादी लेनिनवादी मान्यतालाई अझै नयाँ उचाईमा उठाउने काम हुन्छ।

व्यवहारका, ज्ञान, फेरि व्यवहार, फेरि ज्ञान यो क्रम अनन्तसम्म पुनरावृत्ति भइरहन्छ र प्रत्येक पुनरावृत्तिसँगै व्यवहार र ज्ञानको अन्तरवस्तु झन्झन् माथिल्लो स्तरमा पुग्दै जान्छ। यही हो द्वन्द्वात्मक भौतिकवादको ज्ञान सिद्धान्त। यही हो द्वन्द्वात्मक भौतिकवादको जान्नु र काम गर्नुका बीचको एकताको भौतिकवादको 'जान्नु र काम गर्नुका बीचको एकताको सिद्धान्त' भनेर माओले यो प्रश्नलाई निकै सरल, सहज र सटिक ढंगले व्याख्या गर्नु भएको छ। तर, 'सिद्धान्त र व्यवहारका बीचको अन्तरविरोधमा व्यवहार प्रधान पक्ष हो' भन्नुको अर्थ निरपेक्ष रूपमा सदा सर्वदा व्यवहार नै प्रधान हो भन्ने बुझ्नुलाई माओ द्वन्द्वात्मक भौतिकवाद होइन यान्त्रिक भौतिकवाद बताउनु हुन्छ र विशेष परिस्थितिमा सिद्धान्तले पनि 'प्रधान र निर्णायक भूमिका खेल्छ' भन्नुहुन्छ। 'क्रान्तिकारी सिद्धान्त विना कुनै क्रान्तिकारी आन्दोलन हुनै सक्तैन' भन्ने लेनिनको भनाईको औचित्य त्यस्तै विशेष परिस्थितिसँग रहेको जुन परिस्थितिमा सिद्धान्तको प्रधान भूमिका हुन्छ भन्ने कुरा पनि माओले स्पष्ट गर्नु भएको छ।

उपरोक्त प्रकारको निष्कर्ष सहितको व्यापक र विस्तृत व्याख्या, विश्लेषणका वाबजुद आज पनि अन्तर्राष्ट्रिय र नेपाली कम्युनिस्ट आन्दोलनमा ज्ञान र व्यवहारका बीचको सम्बन्धलाई सही ढंगले बुझ्ने र त्यसअनुसार आचरण गर्ने प्रश्नमा गम्भीर प्रकारका समस्याहरू विद्यमान छन्। हामी एकातिर कुनै पनि नयाँ र क्रान्तिकारी व्यवहार गर्नुभन्दा पहिले सम्बन्धित विषयमा 'गहन अध्ययन' र समग्र जानकारीको माग गर्ने तथा त्यसलाई अनन्तसम्म लम्ब्याएर व्यवहारिक क्रियाकलापमा प्रवेशबाट पन्छने चिन्तन प्रवृत्ति देख्दछौं भने अर्कोतिर व्यवहारमा जोड दिने नाममा सिद्धान्त, दिशा र रणनीतिको महत्त्वलाई गिराउने विशुद्ध व्यवहारवादी चिन्तन प्रवृत्ति देख्दछौं। ती दुईमा सामान्यतः व्यवहारवाद नै आजको प्रमुख समस्या हो तर क्रान्तिकारी सिद्धान्त, दिशा र रणनीति निश्चित भइसकेको अवस्थामा पहिलो प्रकारको चिन्तन प्रवृत्ति जसलाई दार्शनिक भाषामा बुद्धिवाद भनिन्छ नै प्रमुख समस्या हुन जान्छ। बुद्धिवाद र व्यवहारवाद दुवै नै अन्ततः यथास्थितिकै पक्षधर हुने भएकाले स्वतः मार्क्सवादका विरुद्ध छन्। ती दुवै चिन्तन प्रवृत्तिले जब आफूलाई मार्क्सवादी भएको दावी गर्दछन् तब विषय गम्भीर, जटिल र भ्रामक बन्न पुग्दछ। सिद्धान्तको महत्त्वलाई अवमूल्यन गरी यथास्थितिको पूर्णच्छे गर्ने व्यवहार वाद नै राजनैतिक भाषामा दक्षिणपन्थी संशोधनवाद हो जुन आजको कम्युनिस्ट आन्दोलनको प्रमुख दुश्मन रहेको छ। यसरी विचारधाराको क्षेत्रमा आजका सच्चा मार्क्सवादीहरूको लडाईं अनुभववाद सँग नै हुन गएको छ तर यहाँ छलफल चलाउन खोजिएको विषय सिद्धान्त र रणनीति निर्धारण भइसकेपछि व्यवहारमा जान रोक्ने चिन्तन प्रवृत्तिका बारेमा रहेको छ।

दर्शनशास्त्रको इतिहासमा बुद्धिवाद एउटा यस्तो वैचारिक शाखाका रूपमा रहँदै आएको छ, जसले ज्ञानलाई व्यवहारबाट अलग्याउने काम गर्दछ। यसले मानव ज्ञानको आधारभूत सर्त उत्पादनका निमित्त व्यवहारिक संघर्ष हो र त्यसको श्रम क्रियासँग प्रत्यक्ष सम्बन्ध छ भन्ने वैज्ञानिक तथ्यलाई स्वीकार गरेको हुन्न। प्रवृत्ति, समाज र चिन्तनका बारेमा मानव ज्ञानको विकासमा उत्पादनका निमित्त संघर्ष, वर्ग संघर्ष र वैज्ञानिक प्रयोगको भूमिकालाई यसले पूरै अवमूल्यन गर्दछ। प्रत्यक्ष अनुभवको ज्ञान प्राप्तिमा प्राथमिक भूमिका र हुने कुरालाई अस्वीकार गरी व्यवहारबाट अलगिएको बुद्धिलाई यसले सर्वोच्च स्थान दिन्छ। सामाजिक जीवनमा यो चिन्तन प्रवृत्तिको परिणाम के बन्दछ भने, इतिहासको निर्माता जनता होइन, त्यो त महाज्ञानीहरूको बुद्धिको करामत हो। श्रम, व्यवहार र संघर्षमा गाँसिएका जन-समुदाय, राजनैतिक पार्टी र त्यसका सम्पूर्ण कार्यकर्ताहरूलाई अज्ञानी र मुर्ख देख्नु आफैंलाई महाज्ञानीको दर्जामा राख्नु यो चिन्तन प्रवृत्तिका मासिनहरूको चारित्रिक विशेषता रहेको हुन्छ। किताबी ज्ञान र बौद्धिक कसरतबाट नै सबै समस्याको समाधान हुन्छ भन्ने कल्पनामा यो प्रवृत्तिका मानिसहरू डुबेका हुन्छन्।

व्यवहारबाट अलगिएको अमूर्त चिन्तनबाट कथित ज्ञान प्राप्त गर्ने सामन्तीकालका ऋषिमुनिहरूसँग यसको गहिरो नाता रहेको हुन्छ। कम्युनिस्ट आन्दोलन भित्र त्यसमा पनि गाउँबाट शहर घेर्ने दीर्घकालिन जनयुद्धको कार्यदिशा स्वीकार गरिसकेपछि क्रान्तिकारी व्यवहारमा उत्रने सन्दर्भमा यो अझ सूक्ष्म रूपमा अझ गहन रूपमा देखा पर्दछ।

पहिले संगठन देशव्यापि रूपमा फैलाउन पर्दछ अनिमात्र क्रान्तिकारी संघर्षमा जानु पर्दछ, पहिले नेपाली क्रान्तिका सम्पूर्ण नियमहरूबारे गहिरो अध्ययन गर्नु पर्दछ। विना अध्ययन क्रान्तिकारी संघर्षमा लाग्नु हुँदैन। पहिला राम्रो तालिम र साधन सामग्रीले सुसज्जित हुनु पर्दछ, अनि मात्र क्रान्तिकारी संघर्षमा लाग्नु पर्दछ। यो धेरै बुद्धि पुर्‍याएर गर्ने काम हो, अहिले कोहि पनि त्यस्तो बुद्धिमान नेता र कार्यकर्ता जन्मेको छैन त्यसैले क्रान्तिकारी संघर्षमा लाग्नु हुँदैन आदि आदि विविध तर्फहरूले ज्ञान या अज्ञानमा बुद्धिवादको पुर्वपक्ष गरिरहेको हुन्छ। यस प्रकारको तर्क गर्ने कैयौं व्यक्तिहरू व्यक्तिगत रूपले इमानदार हुँदाहुँदै पनि ज्ञान सिद्धान्त सम्बन्धी मार्क्सवादी धारणामा अस्पष्ट रहेका कारणले पनि त्यसो भइरहेको पाइन्छ।

कुनै पनि देशको क्रान्तिको व्यवहारमा क्रान्तिकारी सिद्धान्त निश्चित भइसके पछि त्यसका आधारमा क्रान्तिकारी व्यवहारमा प्रवेश गरेर मात्र सम्बन्धित देशको क्रान्तिको विशिष्टता र नियमहरू पत्ता लगाउँदै र तिनको सामान्यकरण गर्दै जान सकिन्छ। क्रान्तिको व्यवहारमा प्रवेश नगरी क्रान्तिका सम्पूर्ण विशिष्ट नियमहरू जान्नु पर्ने कुराको माग गर्नु भौतिकवाद होइन, आदर्शवाद हो। त्यो तरिकाबाट कहिल्यै पनि क्रान्तिको ज्ञान हाशिल हुन सक्तैन। क्रान्तिकारी सिद्धान्तले दिशा निर्देशनको काम अवस्य गर्दछ। तर, क्रान्तिको वास्तविकता क्रान्तिकारी आन्दोलनमा नै संश्लेषित हुन्छ। यो कुरालाई हामीले केही उदाहरणद्वारा हेरौं।

जतिसुकै सैद्धान्तिक ज्ञान हासिल गरे पनि पौडि खेल्ने वास्तविक ज्ञान हासिल गरे पनि पौडि खेल्ने वास्तविक ज्ञान मानिसले पानीमा प्रवेश नगरी प्राप्त गर्न सक्तैन। यस सन्दर्भमा एउटा लोककथा उपयोगी हुनेछ।

त्यो लोककथामा एउटा धनिको छोरा विदेशमा शिक्षा आर्जन गरी सबै शास्त्रमा पारङ्गत भएर घर फर्किरहेको हुन्छ। घर पुग्न अगाडि उसलाई डुंगाद्वारा एउटा ठूलो नदी तर्नु पर्ने हुन्छ। डुंगामा चढेर त्यो पण्डितले बोटे (डुंगा चलाउने व्यक्ति) लाई 'तिमीले पढ्न जानेको छ कि छैन' भनेर सोध्छ। बोटेले आफूले पढ्न नजानेको कुरा सहज उत्तर दिन्छ। शिक्षाको घमण्डले चुर भएको त्यो विद्वानले बोटेलाई पूरै होच्याएर भन्छ- 'तिम्रो आधा जीवन बेकार भयो' पण्डितको त्यो कुराले बोटेलाई पनि रिस उठ्छ र उसले सोध्छ- 'तिमीले पौडी खेल्न जानेको छ कि छैन ?' विद्वानले पनि पौडी खेल्न नजानेको उत्तर दियो। त्यसपछि बोटेले भन्यो- 'तिम्रो पूरै जीवन बेकार भयो !' बोटेले बीच नदीमा डुंगा घोप्ट्याउँछ, विद्वान डुबेर मर्छ। बोटे सजिलै पौडी खेलेर पार हुन्छ। यो कथाले बुद्धिवादीहरूको चारित्रीक विशेषतालाई राम्रैसँग देखाएको छ।

हामीले दैनिक जीवनमा राम्रैसँग देखे, भोगेका

——क्रमशः दोस्रो पृष्ठमा

Why to choose us?
No Load Shading Problem
Sufficient Inverter System
24 Hrs. Internet Facilities
Well-equipped Computer Lab with Desktop PCs and Laptops
Daily 2 Hrs. Shifts for Morning, Day & Evening Time
Experienced Instructors
Computer Software Training
Computer Hardware/Maintenance Training
Mobile & Electronics Training
English Language & Tuition

Govt. Regd. No.: 34623/523
Multichannel Institute
Narayantar, Jorpati, Kathmandu, Ph. No.: 01-4911021

# लोकसेवाको विज्ञापनविरुद्ध प्रदर्शन, प्रहरी र प्रदर्शनकारीबीच झडप

**काठमाडौं ।** केही समययता लोकसेवा आयोगले प्रकाशन गरेको विज्ञापन समावेशी नभएको भन्दै आन्दोलनरत पक्षले गरेको विरोध प्रदर्शनका क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडप भएको छ ।

आरक्षण बचाउ आन्दोलनको आयोजनामा भएको प्रदर्शन भद्रकालीबाट सिंहदरबार पुगेर धर्नामा परिणत हुने कार्यक्रम रहेको थियो । तर भद्रकालीमा प्रदर्शनमा उत्रेका प्रदर्शनमाथि प्रहरीले हस्तक्षेप गर्दै आन्दोलनको नेतृत्वमा गरिरहेका अभियन्ताहरूलाई नियन्त्रणमा लिएको छ ।

करिव एक दर्जन अभियानकर्तालाई नियन्त्रणमा लिएको आन्दोलनरत पक्षले जनाएको छ । प्रहरीले शान्तिपूर्वक धर्नामा दमन गरेको भन्दै आन्दोलनकारीहरूले नियन्त्रणमा लिएका प्रदर्शनकारीलाई रिहा गर्न माग गर्दै भद्रकालीमा नाराबाजी गरिरहेका छन् ।

सरकार चरम दमनमा ओर्लेको भन्दै उनीहरूले सामन्य प्रशासन मन्त्री लालबाबु पण्डितको राजीनामा माग गरे । लोकसेवा आयोगले संघीयताको मुल मर्म र समानुपातिक समावेशी सिद्धान्त विपरित प्रकाशित गरेको विज्ञापनविरुद्ध खारेज गर्दै आरक्षणसहित नयाँ विज्ञापन जारी नगरेसम्म आन्दोलन नरोकिने अभियानले जनाएको छ ।

# तलब वृद्धि : सुरक्षाकर्मी र शिक्षकको कति पुग्यो त ?

**काठमाडौं ।** नेपाल सरकार (मन्त्रिपरिषद)को १६ साउनको निर्णयअनुसार १ साउनदेखि लागू हुने गरी वृद्धि गरिएको तलबमान, ग्रेड र प्राविधिक ग्रेडको सूची आइतबार सार्वजनिक भएको छ ।

सबै तहका निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्वास्थ्य सेवा, संसद सेवा, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, प्रदेश र स्थानीय तहका राष्ट्रसेवकका लागि यो तलबमान कायम भएको अर्थ मन्त्रालयअन्तर्गतको बजेट तथा कार्यक्रम महाशाखाले जनाएको छ ।

# नख्खु जेलमा भिडन्त : एकको मृत्यु

**काठमाडौं ।** नख्खु कारागारभित्र बन्दी जीवन बिताइरहेका दुई कैदीबीच भिडन्त हुँदा एक जनाको मृत्यु भएको छ ।

दिउँसो घाममा बसिरहेका पूर्णबहादुर रादी र पवनकुमार महतोबीच गत शुक्रबार विवाद बढ्दै जाँदा उनीहरूबीच भिडन्त भएको हो ।

विवाद चर्कंदै जाँदा भएको भिडन्तका क्रममा महतोले रादीलाई इँट्टाको ब्लकले प्रहार गरे । महतोको इँट्टा प्रहारबाट रादीको घटनास्थलमै मृत्यु भएको प्रहरी प्रवक्ता डीआईजी विश्वराज पोखरेलले बताएका छन् । महतो र रादी दुवैजना कर्तव्य ज्यान मुद्दामा सजाय भोगिरहेका कैदी हुन् ।

# चौध–पन्ध्र वर्षमा आमा बन्न बाध्य विपन्न समुदायका किशोरीहरू

**काठमाडौं ।** बहुविवाह, घरेलु हिंसालगायत विविध खाले हिंसाले आममहिला पीडित हुनु परिरहेको विद्यमान अवस्थालाई मध्यनजर गर्दै सरकारले विवाह गर्ने उमेर २० वर्ष हुने कानुन बनाएसँगै मुलुकका कतिपय स्थानमा त्यस्को विरोध समेत भएको छ ।

विशेषगरी अधिकांश बालविवाहको प्रचलन रहँदै आएको पिछडिएका विपन्न मुसहर, थारुलगायतका समुदायका मानिसहरूले विवाहलाई उमेर फरक नपार्ने भन्दै 'विवाहवारी बीस वर्ष पारी'को विरोध गरेका हुन् ।

हिंसाचन्दनियादेवी सदा १६ वर्षकी भइन् । तीन वर्षअघि नै उनको विवाह भएको थियो । अहिले काखमा छोरो छ भने गर्भमा अर्को बच्चा पनि । शारीरिक रूपमा कमजोर देखिएकी चन्दनियालाई ढेड वर्षे छोरो सम्हाल्न गाह्रो छ । गर्भको बच्चा सात महिना पुगिसकेको छ । चन्दनियालाई परिवारनियोजनका साधनबारे जानकारी छैन । यसबारे सोध्दा उनी लजाउँछिन् मात्र ।

मनरा सिसवा नगरपालिका- १०, मधवा टोल, महोत्तरीका मुसहरी वस्तीमा अधिकांश छोरीको बिहे १० देखि १२ वर्षकै उमेरमा हुन्छ । विहे भएको एक-दुई वर्षमै आमा बनेपछि उनीहरू शारीरिक रूपमा कमजोर हुन्छन् । सन्तान पनि कुपोषित छन् ।

सुमित्रादेवी सदाले दुई वर्षअघि बुहारी भित्र्याइन् । छोरा रामबाबु सदाको उमेर १६ वर्षको थियो । बुहारी इन्दिरा १२ वर्षकी थिइन् । इन्दिराले छोरी जन्माइसकेकी छन् । सुमित्राले खुसी हुँदै भनिन्- 'आब एगो पोताके रस्ता देखैछियै (अब एउटा नातिको बाटो कुर्दै छु) ।'

मुसहर टोलमा अधिकांशको उमेर नपुग्दै बिहे हुन्छ । 'छौरा छौरी जुवान भगेल त वियाह कदेली उमेरसे कथि होईहै (केटाकेटी जवान भएपछि बिहे गरिदिने हो, उमेरले के हुन्छ ?' टोलकी वृद्धा सन्तोलियादेवी सदाले भनिन्- 'हाम्रो बेलामा त झन् बच्चैमा बिहे हुन्थ्यो ।'

सानैमा बिहे गर्ने परिपाटी र परिवारनियोजनको साधनमा पहुँच नहुँदा अधिकांश महिला धेरै बच्चा पाउन बाध्य छन् । यस्ता बच्चामा विभिन्न स्वास्थ्य समस्या देखिने गरेको छ ।

# हजारभन्दा बढी सुरक्षाकर्मी अझै 'घरेलु कामदार'

**काठमाडौं ।** लैनचौरस्थित एक उच्चसैनिक अधिकारीको घरमा मूलढोकादेखि भान्सासम्म पाँच जना सैनिक कर्मचारी कार्यरत छन् ।

उनीहरू घरको सरसफाइदेखि भात पकाउनेसम्म 'घरेलु कामदार' का रूपमा प्रयोग हुँदै आएका छन् ।

त्यसो त सेना, प्रहरी र सशस्त्र प्रहरी गरी करिब १५ हजार सुरक्षाकर्मी व्यक्तिगत सुरक्षामा नै परिचालन हुने गरेका छन् । तीमध्ये एक हजार त 'घरेलु कामदार' का रूपमा कार्यरत छन् ।

तर नेपाली सेनाका प्रधानसेनापति पूर्णचन्द्र थापाको निजी निवासमा भने सैनिक कामदार देखिँदैनन् । आमा-बुवासँग बस्दै आएका उनको निवासमा सुरक्षार्थ सैनिक गार्डहरू खटाइए पनि कामदार कर्मचारी देखिँदैनन् ।

यस्तै नयाँ कार्यविधि बनाएर 'घरेलु कामदार' को व्यवस्था हटाउने गृह मन्त्रालयको तयारी छ ।

# बल टिप्न गएका विद्यार्थीलाई नदीले बगाउँदा बेपत्ता

**सिन्धुपाल्चोक ।** जिल्लास्थित सुनकोशी नदीले बगाउँदा बलेफी गाउँपालिका-७ स्थित बालशिक्षा माध्यमिक विद्यालयका एक विद्यार्थी बेपत्ता भएका छन् । कक्षा ७ मा अध्ययनरत विजय नेपाललाई विद्यालय छेउमै रहेको उक्त नदीले बगाउँदा बेपत्ता भएका हुन् ।

खेलिरहेको बल खोलामा पुगेपछि झिक्नका नदीमा पसेका उनलाई बगाएर लगेको थियो ।

प्रहरी चौकी लामोसाँघुबाट गएका प्रहरी, विद्यालयका शिक्षक तथा स्थानीयवासीको मिलोमतोमा बेपत्ता विद्यार्थी नेपालको खोजीकार्य भइरहेको छ । बल खेल्ने क्रममा खेलिरहेको बल खोलामा पुगेपछि उनी बल निकाल्नका लागि खोलामा पसेका थिए ।

# दर्जनौं एनसेल टावरमा आगजनी

**काठमाडौं ।** मुलुकका विभिन्न जिल्लामा रहेको झण्डै दुई दर्जन टेलिफोन सेवा प्रदायक कम्पनी (एनसेल) र नेपाल टेलिकमको टावरमा नेत्रविक्रम चन्द विप्लब समूहले आगजनी गरी क्षति पुऱ्याएको छ ।



प्रहरी प्रधान कार्यालयले दिएको जानकारीअनुसार २२ वटा एनसेल टावर र एउटा नेपाल टेलिकमको टावरमा यसरी आगजनी भएको हो ।

बुधबार साँझदेखि बिहान ११ बजेसम्मको विवरणअनुसार धेरै स्थानमा जुटको बोरामा आगो सल्काएर आगजनी गरेको प्रहरीले जनाएको छ ।

प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक विश्वराज पोखरेलले विप्लव समूहले नै आगजनी र तोडफोड गराएको जिकिर गर्दै अर्घाखाँचीको घटनामा संलग्न रहेको आरोपमा एक जनालाई पक्राउ गरिएको जानकारी दिए ।

यस्तै कपिलवस्तु, कैलाली, झापा, डडेलधुरा, डोटी, धादिङ, पूर्वी नवलपरासी, पर्वत, पाँचथर, बाँके, बाग्लुङ, मोरङ, म्याग्दी, रूपन्देही, ललितपुर, सिन्धुपाल्चोक, अछाम, सल्यान र मकवानपुर जिल्लाका विभिन्न स्थानमा रहेको एनसेलको २२ वटा टावरमा आक्रमण प्रहरीकोले बताएको छ ।

सोही प्रकृतिको आक्रमण अर्घाखाँचीको पाँणिनी नगरपालिका- ५ स्थित नेपाल टेलिकमको टावरमा समेत भएको प्रहरीले जनाएको छ । गएराति ललितपुरमा भने प्रेसरकुकरमा तार जोडेको अवस्थामा बम फेला परेकाले लगनखेलबाट गएको सेनाको टोलीले निस्क्रिय गरेको प्रहरीले पनि बताएको छ ।

यसैबीच विप्लव नेकपाले बुधबार मुलुकका विभिन्न २१ जिल्ला बन्दको आह्वान पनि गरेका थियो । सोही बन्दलाई लक्षित गरी उक्त घटनाहरू गराएको हुनसक्ने विश्लेषहरू बताउँछन् ।

# छोराछारीसहित नारायणीमा हामफालेकी महिलाको उद्धार

**काठमाडौं ।** लालाबालासहित नारायणी नदीमा हामफाल्ने महिलाको स्थानीयले उद्धार गरे पनि कम्मरमा बाँधेका दुई बालबालिको मृत्यु भएको छ । नवलपरासीपूर्व विनियी त्रिवेणी गाउँपालिका-७ ब्यारेज पुलस्थित छाताचोकबाट नारायणी नदीमा हामफाल्दा पाल्हिनन्दन गाउँपालिका-५ बस्ने सुधा विश्वकर्माका छोरा साढे दुई वर्षीय अभिनाथ विश्वकर्मा र डेढ महीनाकी छोरी निकिता विश्वकर्माको मृत्यु भएको हो ।

घटना भएको प्रत्यक्षदर्शी स्थानीयले आमा २४ वर्षीय सुधा विश्वकर्मालाई उद्धार गरे पनि सुधा स्वयमले कम्मरमा सारीले बाँधेकी दुई बालबालिकाको मृत्यु भइसकेको थियो ।

जिल्ला प्रहरी कार्यालय नवलपरासीपूर्वका प्रहरी निरीक्षक राजेन्द्र अधिकारीकाअनुसार आमा सुधा विश्वकर्मालाई नियन्त्रणमा रहेकी र थप अनुसन्धान गरिने बताए । सुधाका पति चाहिँ प्रहरी युक्ती तालीम महाविद्यालय जर्गाहा नवलपरासीमा कार्यरत रहेका छन् ।

## – संक्षिप्त समाचार –

# सत्यनिरूपण तथा मेलमिलाप आयोग गठनमा किन ढिलाइ

**काठमाडौं ।** प्रतिनिधिसभाको बैठकको विशेष समयमा सांसद जनार्दन शर्माले सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्न किन ढिलाइ गरियो ? भन्ने प्रश्न गर्दै आयोग नहुँदा शान्ति प्रक्रियाको बाँकी काम पूरा गर्न अप्ठ्यारो परेको बताए ।

उनले आयोग गठन गर्न किन हेलचेक्र्याइँ भयो भन्ने प्रश्न गर्दै संविधानको भावनाअनुरूप द्वन्द्वपीडितका समस्या सम्बोधन गर्न छिटो आयोग गठन गर्न माग गरे । सांसद शर्माले भने 'देश र जनताको मागअनुसार सङ्घीयता आएको हो, यसलाई इमान्दारितापूर्वक कार्यान्वयन हुनुपर्छ ।'

सांसद दिलेन्द्रप्रसाद बडूले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणसम्बन्धी विधेयक राज्य तथा सुशासन समितिमा अड्कियो ? राष्ट्रिय परिचयपत्र वितरण कार्य कुन ऐनअनुसार भयो भन्ने प्रश्न गर्दै सार्वजनिक खरीद ऐनविपरीत परिचयपत्रको ठेक्कापट्टा भएको आरोप लगाए ।

'सरकारका काम कारवाही पारदर्शी भएन । यसले गर्दा लोकतन्त्रको भावनामाथि अघात पर्छ,' सांसद केदार सिग्देलले भूकम्पले क्षति भएको सिंहदरबार र संसद् सचिवालय पुनर्निर्माण गर्न ढिलाइ भएकोमा आपत्ति जनाउँदै भवनभित्र रहेका अमूल्य सरसमानको अवस्था के कस्तो अवस्थामा रहेको छ भन्ने प्रश्न गरे । सांसद प्रमोद साहले भोजपुरी र मैथली भाषाबाट रेडियो नेपालबाट प्रसारण हुँदै आएको समाचार बन्द भएकोमा आपत्ति जनाउँदै यसले भोजपुरी र मैथली संस्कृति लोप हुने खतरा बढेको बताए ।

सांसद रामबाबुप्रसाद यादवले मुलुक सङ्घीयतामा गइसकेको अवस्थामा पनि कृषकले अझै पनि तराईमा सिजनको समय बीउबिजन र मलखाद पाउन नसकिरहेको गुनासो गर्दै कृषि प्रधान देशमा कृषि आधुनिकीकरण गर्न सरकारको ध्यान जान जरुरी रहेको बताएका छन् ।

सांसद डा डिला सङ्ग्रौलाले नेपाली कामदार रोजगारीका लागि मलेसिया जान बन्द भएको दुई वर्ष भइसक्यो, यसका बारेमा मौन किन ? भन्ने प्रश्न गर्नुभयो । सांसद सरिता गिरी जङ्गल र बस्तीलाई व्यवस्थापन गरेर मात्र निजगढ विमानस्थलको निर्माण कार्य अगाडि बढाउन सुझाव दिए भने सांसद झपटबहादुर रावलले गैरकानूनी नागरिकता कति व्यक्तिले लिएका छन् र हालसम्म कति खारेज भयो सदनलाई जानकारी गराउन माग गराए ।

कार्यक्रममा सांसद प्रकाश रसाइलीले जनताको जीउधनको सुरक्षाको सुनिश्चितता गर्न, सांसद प्रेमप्रसाद तुलाचनले हिमाली जिल्ला मनाङ र मुस्ताङमा हिउँद महीनामा भएको हिमपातका कारण धेरै सङ्ख्यामा भेडाच्याङ्ग्रा मरेको र त्यहाँका पीडित किसानले अझै क्षतिपूर्ति पाउन नसकेको गुनासो गरे ।

यस्तै सांसद तेजुलाल चौधरीले मुलुकमा बढ्दो भ्रष्टाचार र अनियमिता रोक्न सरकारले प्रभावकारी कदम चाल्न नसकेको तथा सांसद नवराज सिलवालले संसदीय अभ्यासको गरिमालाई ख्याल गर्दै संवेदनशील विषयमा सत्तारुढ र प्रतिपक्षी सांसदको एक धारणा आउन जरुरी भएको, सांसद प्रमिला राईले सरकारले अघि सारेको समृद्ध नेपाल सुखी नेपालको नाराविपरीत मुलुकको विकासले गति लिन नसकेको र अनियमितताका घटना बढेकोमा सरकारको ध्यानाकर्षण गराएका थिए ।

# पुरातात्त्विक एवं पर्यटकीयस्थल काँक्रेबिहारमा निरन्तर तोडफोड

**सुर्खेत ।** पछिल्लो समय पर्यटकीयस्थल काँक्रेविहारको तीन दिनसम्म लगातार तोडफोड गरेको छ । वीरेन्द्रनगर-९ लाटीकोइलीस्थित पुरातात्विक स्थल काँक्रेविहारको पुनर्निर्माण अन्तिम चरणमा पुगेका बेला रातिको समयमा लगातार अज्ञात समूहको निशाना परेको हो ।

स्थानीय हेरालु सीता कार्कीले शनिबार, आइतबार र सोमबार राति तोडफोड गरेको बताउनुभयो । कार्कीकाअनुसार उच्छृङ्खल समूहले मूल गेट, सुरक्षा पर्खाल, टिकट काउन्टर, प्रवेशद्वारमा लगाइएको ताला दक्षिणतर्फको गेटमाथिको गजुर पनि भाँचिएको अवस्थामा फेला परेको छ ।

रातको समयमा चौकीदार नबस्ने हुँदा हेरालु र टिकट व्यवस्थापक काँक्रेविहारमा असुक्षा बढेको स्थानीय बताउँछन् । गजुर, ढोका र काउन्टर तोडफोडको सूचना सार्वजनिक भएपछि वीरेन्द्रनगर-९ को वडा कार्यालयले चासो दिएको छ ।

वडाध्यक्ष सुरेश मानन्धरले तोडफोडमा संलग्नको पहिचान गरी कारवाही गर्न जिल्ला प्रहरी कार्यालयलाई अनुरोध गरिएको बताए ।

प्रदेशकै प्रमुख पर्यटकीयस्थल उक्त विहारमा अस्थायी प्रहरी पोष्ट राख्न पनि स्थानीयले अनुरोध गरेका छन् । 'पुरातात्विक वस्तुहरू छरिएका छन्, भग्नावशेषको जीर्णोद्धार भइरहेको छ, त्यसैले अब चौकीदार र सुरक्षा पोष्टको आवश्यकता भइसकेको छ,' पुरातत्त्व विभागले ०७२ सालदेखि भग्नावशेष सङ्कलन गर्दै पुरानै स्वरूपमा पुनर्निर्माण आयोजना सञ्चालन गरिरहेको छ ।

घटनामा संलग्नको खोजीकार्य तीव्र पारिए र रातको समयमा निगरानी बढाइएको प्रहरीको भनाइ छ । जिल्ला प्रहरी कार्यालयले वडा कार्यालयलाई काँक्रेविहार क्षेत्रमा विद्युत्, सिसिटिभी क्यामरा जडान र चौकीदार राख्न आग्रह गरेको छ ।

विसं २०७१ मा सुर्खेतका बौद्ध धर्मावलम्बीहरूले बुद्ध जयन्तीको अवसर पारी बुद्ध मूर्ति प्रतिस्थापना गर्ने योजनामा थिए । काँक्रेविहारलाई संरक्षित क्षेत्रका रूपमा संरक्षण गर्दै आएका हिन्दू समुदाय बौद्ध विशेषको सम्पदा गराउन तयार भएनन् ।

# नेपालमै पाइलट पढाइने : वायुसेवा निगम 'सुधार्न' कार्यदल

– सीबी अधिकारीर

**काठमाडौं ।** सरकारले राष्ट्रिय ध्वजावाहक नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स)को व्यवस्थापन सुधारका लागि 'नेपाल वायु सेवा निगम सुधार सुझाव कार्यदल' गठन गरेको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (मन्त्रिस्तरीय) बुधबारको निर्णयअनुरूप पूर्व पर्यटनसचिव सुशील घिमिरेको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरिएको हो । कार्यदलका सदस्यहरूमा लेखाविज्ञ (चार्टर एकाउन्टेन्ट) सुबोधकुमार कर्ण, व्यवस्थापनविज्ञ डिमप्रसाद पौडेल, क्याप्टेन सुधीरशमशेर राई र पर्यटन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने (सदस्य सचिव) रहेका छन् ।

कार्यदललाई एक महिनाभित्र निगमको समग्र सुधारका लागि ठोस सुझावसहितको प्रतिवेदन तथा उक्त सुझावहरूको कार्यान्वयन कार्ययोजना समेत पेस गर्ने जिम्मेवारी दिइएको छ । कार्यदलले निगमको समग्र सुधारका लागि हालसम्म भएका विभिन्न अध्ययनको प्रतिवेदन विश्लेषण गर्ने, निगमको वर्तमान वित्तीय अवस्थाको अध्ययन गर्ने तथा निगमका कानुनी एवं संस्थागत-संगठनात्मक, व्यवस्थापकीय र व्यावसायिक क्षमतामा रहेका समस्याको पहिचान तथा विश्लेषण गर्नेछ ।

उल्लेखित सबै पक्षहरूमा गर्नुपर्ने तत्कालीन र दीर्घकालीन सुधारहरूको समयबद्ध ठोस कार्ययोजना पेस गर्ने र निगमको सुधारका लागि कार्यदलले उपयुक्त देखेका अन्य सुझावहरू दिन सक्ने पर्यटन मन्त्रालयका प्रवक्ता घनश्याम उपाध्यायद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । व्यवस्थापकीय समस्याबाट निगम बाहिर निस्कन नसकेको अवस्थामा अन्तर्राष्ट्रियस्तरमा निगमको साख बढाउँदै व्यावसायिक क्षमतामा वृद्धि तथा आन्तरिक व्यवस्थापनका विभिन्न पक्षहरूमा तत्कालीन तथा दीर्घकालीन सुधार आवश्यक भएको मन्त्रालयको ठहर छ ।

यसअघि पर्यटन मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा पर्यटनमन्त्री योगेशकुमार भट्टराईले निगमको विद्यमान व्यवस्थापनमा देखिएको अन्योलग्रस्त अवस्थालाई सुधार गरी सेवालाई प्रभावकारी बनाउन सुधार योजना ल्याइने बताए । मन्त्री भट्टराईले साउन १५ मा पदभार ग्रहणकै क्रममा निगमलाई 'वाह १ नेपाल एयरलाइन्स' भन्ने खालेको बनाइने उदघोष गरेका थिए ।

आफ्नो पदबहालीको प्रतिबद्धताअनुरूप निगमको साख उकास्न सबैखाले सुधारात्मक काम गर्ने उनले उल्लेख गरे । पर्यटनमन्त्री भट्टराईले भने- 'अहिलेको 'हट केक' नेपाल वायु सेवा निगम हो, मैले जिम्मेवारी सम्हालेको दिन जे भनेको थिएँ त्यही गर्नेछु किनकि निगम सुधार्ने विषय त्यत्तिकै बोलेको होइनस एक साताभित्र सबैभन्दा धेरै बैठक र छलफल निगमसँग जोडिएका सबै निकाय र पक्षसँग गरेको छु, छिट्टै सुधार आउने गरी काम थालिनेछ ।'

निगम व्यवस्थापन सुधारका लागि अब अल्मलिने अवस्था नरहेको भन्दै निगम सुधारका लागि घोषित कार्यदलको एक महिनाको अवधिमा आउने सुझावअनुरूप निगम सुधारका काम अघि बढाइने उनले उल्लेख गरे । निगमका आन्तरिक उडानका लागि सबै जहाज पूर्ण क्षमतामा सञ्चालन गर्ने तथा अन्तर्राष्ट्रिय उडानका गन्तव्य विस्तार गर्दै निकट भविष्यमै चीन, दक्षिण कोरियालगायतका गन्तव्यमा सेवा सञ्चालन गरिने मन्त्री भट्टराईको भनाइ छ ।

# गाली–बेइज्जती र मानसिक चोटमा के छ कानुनी उपचार ?

– गोपाल ढकाल

**काठमाडौं ।** गाली-बेइज्जती व्यक्तिको प्रतिष्ठा विरुद्धको कसुर वा अपराध हो । यसले मानसिक रूपमा व्यक्तिको मान, सम्मान, प्रतिष्ठा, आत्मसम्मान र स्वाभिमानमा चोट पुर्‍याउँछ । गाली-बेइज्जतीले उसको नजिकका नातेदार, साथीभाइ, इष्टमित्र, हकवाला समेतलाई असर पुर्‍याउन सक्छ ।

यो एक किसिमको मानसिक यातना नै हो । गाली-बेइज्जतीले व्यक्तिको मनलाई घायल बनाउँछ । यो प्रत्यक्ष रूपमा व्यक्तिको मन वा मानसिक स्वास्थ्यलाई असर पुर्‍याउने खालको अपराध हो । गाली-बेइज्जतीका कारण व्यक्तिको मनोविज्ञान र मानसिक स्वास्थ्यमा नकारात्मक असर परी नैराश्यता, डर, चिन्ता तथा आत्महत्यासम्मका घटनाहरू घट्न सक्छन् ।

के-हो गाली-बेइज्जतीको अर्थ ?

कसैलाई होच्याउने नियतले बोली वा वचनले अपमानजनक शब्द प्रयोग गर्नु गाली हो । अरुको इज्जतमा धक्का पुर्‍याउने नियतले कुनै तरिकाबाट उसको व्यक्तिगत चरित्र, आचरण, नैतिकता वा ख्यातिलाई होच्याउने र चरित्रहत्या गर्ने उद्देश्यले गरिएका सबै कार्य वा आक्षेप बेइज्जती हो । गाली-बेइज्जतीबाट व्यक्तिको सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार कुण्ठित हुन्छ ।

सामाजिक सञ्जालको प्रयोग गरी कसैको विरुद्धमा नराम्रा शब्द प्रयोग गरी प्रतिक्रिया दिनु, कसैलाई होच्याउने वा बेइज्जत गर्ने उद्देश्यले फोटो तोडमोड गरी पोस्ट गर्नु, व्यक्तिको व्यक्तित्व, लवाइ, खुवाइ आदिलाई लिएर सार्वजनिक रूपमा टीकाटिप्पणी गर्नु आदि गाली-बेइज्जतीपूर्ण व्यवहार हुन् ।

यस्तो छ कानुनी व्यवस्था'

यस्तो कसुर गर्ने वा गराउने व्यक्तिलाई कसुरको गाम्भीर्यता, पीडितको प्रतिष्ठामा परेको असर, गाली-बेइज्जतीमा प्रयोग भएको माध्यमलाई विचार गरी पीडितलाई मनासिब क्षतिपूर्तिका साथै कसुरदारलाई एक वर्षदेखि तीन वर्षसम्म जेल तथा दस हजारदेखि बीस हजारसम्म जरिवाना वा दुवै सजायको व्यवस्था मुलुकी अपराध संहिता, २०७४ मा गरिएको छ । पीडितले कसुर भएको कुरा थाहा पाएको मितिले तीन महिनाभित्र उजुर गरिसक्नु पर्छ नत्र उजुरी लाग्दैन ।

# महिला मन्त्रालयका जिम्मेवारी सम्बन्धमा संसद्मा प्रश्नोत्तर

**काठमाडौं ।** महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री थममाया थापाले संविधानअनुसार राज्यका हरेक निकायमा महिला सहभागिताको प्रतिनिधित्व हुँदै गएको बताए ।

प्रतिनिधिसभाको आजको बैठकमा महिला मन्त्रालयका जिम्मेवारी सम्बन्धमा सांसदहरूले सोध्नुभएको मौखिक प्रश्नको जवाफ दिँदै उहाँले सङ्घीय संसद्मा ३१ दशमलव पाँच, प्रदेशसभामा ३४ दशमलव पाँच र स्थानीय तहमा ४१ दशमलव पाँच प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित भएको उल्लेख गरे । उनले राज्यका अन्य निकायमा पनि संविधानअनुसार महिलाको प्रतिनिधित्व लागू हुँदै गएको अवगत गराए ।

बैठकमा नेपाली काङ्ग्रेसका उमा रेग्मीले संविधानअनुसार राज्यका सबै निकायमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व किन हुन नसकेको भनी प्रश्न गरेका थिए ।

काङ्ग्रेसकै पुष्पा भुसाल र डिला सङ्ग्रौलाले सरकारले महिला प्रतिनिधित्वका बारेमा प्रतिबद्धता मात्रै गरेको तर व्यवहारमा किन कार्यान्वयन गर्न नसकेको भनी प्रश्न गरेका थिए । उनीहरूले सङ्घीय मन्त्रिपरिषदमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व हुन नसकेको र सातै प्रदेशमा एक जना पनि महिला मुख्यमन्त्री किन नभएको भनी प्रश्न गरे ।

जवाफमा मन्त्री थापाले संविधानले महिलालगायतको समुदाय र वर्गको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरेबमोजिम तीनै तहमा लागू हुँदै गएको बताए । उनका निकायमा पनि सहभागिताका निम्ति विद्यमान कानून परिमार्जन र नयाँ कानून बनाउने सम्बन्धमा मूल्याङ्कन गरी छलफलका क्रममा रहेको जानकारी गराए ।

नेपाल मजदूर किसान पार्टीका प्रेम सुवालले गोरखाका विभिन्न क्षेत्रमा अझै पनि 'पानी विवाह' गर्ने प्रचलन कायमै रहेको भन्दै यसको समाधान कहिले हुन्छ भनी प्रश्न गरेका थिए । जवाफमा मन्त्री थापाले समाजका विभिन्न केही जाति र समुदायको प्रचलनका रूपमा रहेको 'पानी विवाह'को प्रचलन बिस्तारै हट्दै गएको बताउँदै यस्ता विकृति-विसङ्गति हटाउन सरकार विभिन्न अभियानका साथ लागिरहेको जनाए ।

महिलाको हकहितका लागि यो वर्षलाई महिला हिंसाविरूद्धको वर्षका रूपमा मनाउन लागेको समेत उनले जानकारी दिए । थानीयस्तरसम्म विभिन्न समुदायलाई सचेत गराउने विभिन्न सचेतना कार्यक्रम सञ्चालन भइरहेको मन्त्री थापाको भनाइ थियो ।

सांसद प्रेम सुवालले नेपालमा विवाहका लागि छोरीको न्यूनतम उमेर २० वर्ष हुनुपर्ने कानून रहेको र भारतमा भने १८ वर्ष कायम रहेको सन्दर्भमा नेपाल र भारतका जनताबीच हुने विवाहका सम्बन्धमा हुने कानूनी कठिनताका बारेमा प्रश्न गरेका थिए ।

सोही प्रश्नका सम्बन्धमा सांसद रामकुमारी झाँक्री, देवेन्द्रराज कँडेलले पूरक प्रश्न गरेका थिए । जवाफमा मन्त्री थापाले नेपालले अन्तर्राष्ट्रिय कानूनअनुसार नै महिलाका लागि वैवाहिक उमेर २० वर्ष राखेको बताए ।

नेपालले महिला तथा बालबालिकासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरेकोले त्यसका प्रावधान कार्यान्वयन गर्नुपर्ने बाध्यताका बारेमा जानकारी गराउँदै मन्त्री थापाले दुई देशका नागरिकबीच हुने विवाहमा देखिएका कानूनी कठिनाइका सम्बन्धमा छलफल गर्न सकिने विचार व्यक्त गरेका थिए ।

# प्रतिनिधिसभाद्वारा दुई विधेयक पारित

**काठमाडौं ।** प्रतिनिधिसभाको आजको बैठकले 'सेफगार्ड, एन्टी-डम्पिङ तथा काउण्टरभेलिङ विधेयक, २०७६' र औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक २०७६ लाई सर्वसम्मतिले पारित गरेको छ । उद्योग तथा वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादवले आजको बैठकमा ती विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेको थियो ।

सो विधेयकको सैद्धान्तिक छलफलमा सांसद प्रेम सुवाल, दीव्यमणि राजभण्डारी, मेटमणि चौधरी र भरतकुमार शाहले भाग लिँदै निर्यात र आयातबीच सन्तुलन कायम गरी नेपालको व्यापार घाटा कम गर्न सुझाव दिए । नेपाल विश्व व्यापार सङ्गठनको सदस्य भइसकेको अवस्थामा विधेयक चाँडै आउनुपर्दथ्यो भन्दै वस्तु आयातमा कडाइ गर्न सुझाव समेत दिए ।

साथै स्वदेशी उद्योगलाई विधेयकबाट अप्ठ्यारो पर्न नदिन सरकार सचेत बन्न सांसदले सरकारसित आग्रह गरे । छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री यादवले सरकारले स्वदेशी उद्योगको संरक्षणमा ध्यान दिएको बताए ।

बैठकमा राज्य व्यवस्था तथा सुशासन समितिका सभापति शशि श्रेष्ठले 'नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) विधेयकसम्बन्धी समितिको प्रतिवेदन २०७६' पेश गरे ।

# साफ फुटबल : उद्घाटनमा नेपाल र पाकिस्तान भिड्ने

**काठमाडौं ।** घरेलु मैदानमा आयोजना हुन लागेको तेस्रो संस्करणको साफ यु-१८ (अठार वर्षमुनि) च्याम्पियनसिप फुटबल प्रतियोगितामा नेपाल समूह 'ए' मा परेको छ । उद्घाटन खेलमा नेपाल र पाकिस्तान भिड्ने छन् ।

खेल तालिकानुसार हल्चोकस्थित सशस्त्र प्रहरी बल (एपिएफ)को खेल मैदान नेपालले पहिलो खेल आगामी असोज ३ गते खेल्नेछ ।

अखिल नेपाल फुटबल सङ्घ(एन्फा)का अनुसार साविक विजेता नेपालले दोस्रो खेल आगामी असोज ५ गते माल्दिभ्ससँग तथा समूहको अन्तिम खेल असोज ७ गते भुटानसँग खेल्नेछ । यस्तै समूह 'बी' मा भारत, श्रीलङ्का र बंगलादेश छन् ।

# प्रम ओलीद्वारा भारतीय नेतृ स्वराजको निधनप्रति शोक व्यक्त

**काठमाडौं ।** प्रधानमन्त्री केपी शर्मा ओलीले भारतका वरिष्ठ नेता तथा पूर्वविदेशमन्त्री सुष्मा स्वराजको असामयिक निधन भएको खबरले आफू स्तब्ध भएको बताएका छन् ।



सिङ्गापुरमा स्वास्थ्योपचार गराइरहेका प्रधानमन्त्री ओलीले ट्विटमार्फत भारत सरकार र त्यहाँका जनताका साथै शोकाकुल परिवारजनमा गहिरो सहानुभूति एवं समवेदना व्यक्त गरेका हुन् ।

यसैगरी परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले पनि भारतका पूर्वबाह्य मामिलामन्त्री स्वराजको निधनप्रति दुःख व्यक्त गरेका छन् । दिवङ्गत स्वराज प्रतिबद्धता र दृष्टिकोणयुक्त व्यक्तित्वका रूपमा चित्रण गर्दै नेपाल-भारत सम्बन्ध विस्तारमा उनले महत्त्वपूर्ण भूमिका रहेको स्मरण गरे ।

यस्तै नेपाली काङ्ग्रेसले भारतीय जनता पार्टीकी नेत्री स्वराजको निधनमा दुःख व्यक्त गरेको छ । काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले स्वराजको निधनमा दुःख प्रकट गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र भारतीय जनता पार्टीका अध्यक्ष अमित शाहलाई छुट्टाछुट्टै समवेदना सन्देश पठाएका छन् ।

सभापति देउवाद्वारा प्रेसित सन्देशमा नेपाल र भारतबीचको सम्बन्धलाई सुदृढ बनाउन स्वर्गीय स्वराजले पुर्‍याएको योगदानको स्मरण गरिएको छ । उनले स्वराजको असामयिक निधनप्रति दुःख प्रकट गर्दै भारत सरकार, भारतीय जनता पार्टीका सदस्य, स्वर्गीय स्वराजका परिवारका सदस्यसहित सम्पूर्ण भारतीय जनताप्रति गहिरो समवेदना प्रकट गरिएको छ ।

रामेछापवासीका लागि रामेछापवासीद्वारा प्रकाशित/सम्पादित
**रामेछाप पोष्ट**
खोजीखोजी पढ्ने गरौं ।

हरेक आइतबार
**जनप्रवाह साप्ताहिक**
खोजीखोजी पढ्ने गरौं ।

**२०७५ साल भदौ १ गते लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू :**

- कसैको ज्यान मारेमा जन्मकैदसम्मको सजाय हुने,
- इजाजत प्राप्त नगरेको व्यक्तिले इलाज गरेमा तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना हुने तर त्यसरी इलाज गर्दा ज्यान मरेमा जन्मकैद र अङ्गभङ्ग भएमा पन्ध्र वर्षसम्म कैद हुने,
- मञ्जुरीविना मानव शरीरमा कुनै परीक्षण गर्नेलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना हुने तर त्यसरी परीक्षण गर्दा ज्यान मारेमा, ज्यान मारे सरह र अङ्गभङ्ग भएमा अङ्गभङ्ग भए सरह सजाय हुने ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**

## उपचारमा...

राखिएका विषादीयुक्त तरकारीले नागरिकको स्वास्थ्यमा गम्भीर असर पुगेको विषयलाई सरकारले गम्भीरतापूर्वक लिनुपर्नेमा सांसद रङ्गमती शाहीको जोड थियो भने सांसद राजेन्द्रप्रसाद गौतमले सङ्खुवासभा जिल्लामा आगजनी भएर जग्गाको नक्सा नष्ट भएकाले पुनः जग्गा नाप्ने व्यवस्था गर्न माग गरेका थिए ।

शून्य भाग लिँदै सांसद महेश बस्नेतले बनेपा-सिन्धुली सवारी यात्रा गर्ने दोस्रो मुख्य सडक भएको हुँदा उक्त सडकलाई छ लेनको बनाउने विषयमा उचित चासो राख्न भौतिक मन्त्रालयको ध्यानाकर्षण गराए ।

सोही क्रममा ओखलढुङ्गाको विभिन्न स्थान सुक्खाग्रस्त भएर नागरिक निकै आक्रान्त भएको हुँदा दीर्घकालीन रूपमा स्थायी समाधान खोज्न सरकारको ध्यानाकर्षण गराए ।

## जमिनदार...

हो । क्रान्तिकारी माओवादीका जिल्ला अध्यक्ष रामबहादुर केसी नेतृत्वको टोलीले शिविरमा पार्टीको झन्डा गाड्दै कब्जाको घोषणा गरेको जानकारी अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य केशव साउदले दिएका छन् । शिविरको जमिनमा पुरानै सुकुम्बासी परिवारलाई बसाउने पार्टीको योजना रहेको उनले बताएका छन् ।

'जग्गा बिक्री भयो' भन्दै जनयुद्धरत तत्कालीन नेकपा (माओवादी) ले हैया शिविरमा आश्रय दिएका सुकुम्बासी परिवारलाई सरकारले केही साताअघि बल प्रयोग गरेर हटाएको थियो ।

शिविरबाट हटाइएका सुकुम्बासीलाई धनगढी उपमहानगरपालिका- १७ धुरफन्नामा राखिएको थियो । धुरफन्नामा न्यूनतम मानवोचित व्यवस्थापन समेत नभएपछि केही सुकुम्बासी परिवार फेरि हैया शिविरमै फर्किएका थिए ।

तत्कालीन माओवादीले २०६१ मा सुकुम्बासीलाई उपलब्ध गराएको सो जमिन पोखरास्थित 'सौभाग्य रियलस्टेट एन्ड हाउजिङ प्रालि' नामक जग्गा दलाल कम्पनीले खरिद गरेको भन्दै कब्जा जमाएको छ ।

## लाल...

सात सदस्यीय विशेष समिति गठन गर्ने निर्णय गरेको थियो । सो समितिको संयोजकमा नेकपा संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङ रहेका छन् भने सदस्यहरूमा उमाशंकर अरगरिया, देवप्रसाद गुरुङ, पुष्पा भुसाल,डा. मीनेन्द्र रिजाल, लक्ष्मणलाल कर्ण र विन्दा पाण्डे रहेका छन् ।

विशेष समिति गठनसम्बन्धी प्रस्ताव सभामुख महराले सदनको बैठकमा प्रस्तुत गरे । प्रस्तावलाई बैठकले सर्वसम्मतिले स्वीकृत गरेको छ । प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १७७ बमोजिम समिति गठन गरिएको हो । समितिको समयावधि कार्यारम्भ भएको दिनदेखि ३० दिन तोकिएको छ । आगामी दिनमा यस्ता गतिरोधको अवस्था उत्पन्न नहोस् भन्ने उद्देश्यका साथ विशेष समितिले संविधान, नियम र स्थापित परम्पराअनुसार आवश्यक अध्ययन गरी सुझाव दिनेछ ।

'लाल अयोग' को प्रतिवेदन सार्वजनिक गर्न सभामुख महराले संसदको बैठकबाटै सरकारलाई विशेष निर्देशन गरेका छन् ।

सभामुख महराले यस अघिका बैठकमा पनि 'लाल आयोग' को प्रतिवेदन सार्वजनिक गर्न सरकारलाई निर्देशन दिएका थिए ।

## कहाा...

तारेखमा र दुई वटामा बन्दी प्रत्यक्षीकरण रिटबाट छुटेका थिए । तर, यसअघि हरेक पटक रिहाइलगत्तै गिरफ्तार गर्दिंदै आए पनि यस पटक भने यो क्रम दोहोरिएन ।

सोमबार साँझ रिहाई भएलगत्तै सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै नेता कार्कीले वार्ता र निकासका निम्ति विद्रोही पक्षभन्दा सरकार नै बढी जिम्मेवार हुनुपर्ने बताए । राजनीतिक सम्बोधनविना नेकपासँग वार्ताको औचित्य नरहेको प्रतिक्रिया उनले दिए ।

सो पार्टीका महासचिव विप्लव र प्रवक्ता प्रकाण्डले भने सरकारले मच्चाएको वार्ताको हौवा सरकारमा उत्पन्न संकटको अभिव्यक्ति भएको भन्दै तत्कालै र यथास्थितिमा वार्ताको कुनै सम्भावना नभएको अभिव्यक्ति दिँदै आइरहेका छन् ।

## को–को...

ईश्वर पोखरेल, गृहमन्त्री रामबहादुर थापा, परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली, नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का महासचिव विष्णु पौडेललगायत विशिष्ट व्यक्तिहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेका थिए ।

प्रधानमन्त्री ओलीको सिंगापुरस्थित नेसनल युनिभर्सिटी हस्पिटलमा आइतबारदेखि स्वास्थ्यपरीक्षण सुरु हुनेछ । उनले एक हप्तासम्म अस्पतालमै रहेर स्वास्थ्योपचार गर्ने कार्यक्रम छ । १२ वर्षअघि भारतमा मिर्गौला प्रत्यारोपण गरेका प्रधानमन्त्री ओली नियमित स्वास्थ्यपरीक्षण गराउन यसअघि थाइल्याण्ड गएका थिए ।

नियमित स्वास्थ्यपरीक्षण गरेर प्रधानमन्त्री ओली शुक्रबार (साउन २४ मा) स्वदेश फर्कने कार्यक्रम रहेको छ ।

# नौ जना जुवाडे क्याप्प

**काठमाडौं ।** जुवा खेलिरहेका नौ जनालाई प्रहरीले पक्राउ गरेको छ । नवलपरासी पूर्व नवलपुरको कावासोती-८ सभापतिचोकस्थित बुद्धि तामाङको घरमा जुवा खेलिरहेको अवस्थामा प्रहरीले नौ जनालाई पक्राउ गरेको हो ।

जुवा खेलिरहेको भन्ने सूचना प्राप्त गरेपछि पुगेको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो । जुवाको खालबाट प्रहरीले रु ८१ हजार ७६५ समेत बरामद गरेको जिल्ला प्रहरी कार्यालय नवलपरासीपूर्वका प्रहरी निरीक्षक राजेन्द्र अधिकारीले बताउनुभएको छ । पक्राउ परेका सबैलाई जिल्ला प्रहरी कार्यालयमा राखी थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक अधिकारीले बताए ।

# मनसरोबरतर्फ जाँदै गर्दा पर्यटक बेपत्ता

**काठमाडौं ।** रसुवागढी मार्ग भएर चिनियाँ भूभागमा जाँदै गरेकी एक फ्रान्सेली नागरिक टिमुरेको घट्टेखोलाबाट बेपत्ता भएकी छन् । जिल्ला प्रहरी प्रवक्ता ओमप्रकाश वाग्लेले उनी खुट्टा धुन खोलामा गएकी राहदानी नं 11CP00778 की ७१ वर्षीया हरतीङ अल्फ्रेडलाई घट्टेखोलाले बगाई बेपत्ता बनाएको हो ।

रसुवास्थित गोसाँइकुण्ड गाउँपालिका-२ को घट्टेखोलामा घटना भएको थाहा पाउनासाथ खोज उद्धारका लागि सीमाक्षेत्रको नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना परिचालित भएको प्रमुख जिल्ला अधिकारी अर्जुन भण्डारीले बताए ।

ठाडो खोलामा पानीको बहाव तीव्र भएको र घटनास्थल भोटेकोशी नजिक गहिरो खोच भौगोलिक विकटताजस्ता समस्या भए पनि सुरक्षाकर्मी तदारूकता साथ खोज र उद्धारमा लागेको जिल्ला प्रहरी प्रमुख भाग्येन्द्रपुरुष ढकालले बताए ।

काठमाडौंस्थित सत्यम टुर एण्ड ट्राभलमार्फत मानसरोवरतर्फ लागेका ती महिला हराएकी प्रहरीले जनाएको छ ।

# 'नेपाली स्याट–१' : पहिलो तस्बिर सूर्य र पृथ्वीको

**काठमाडौं ।** नेपालले गत बैशाख १ गते प्रक्षेपण गरेको पहिलो भूउपग्रह 'नेपाली स्याट-१' ले पहिलो पटक सूर्य र पृथ्वीको तस्वीर खिचेको छ ।



सो भूउपग्रहले खिचेका तस्वीर दुई हप्ता अघि जापानको शिक्षा मन्त्रालयले अनुमति दिएपछि सार्वजनिक गरिएका हुन् ।

नेपालले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नाष्ट)मा सूचना प्रवाह गर्ने माध्यम 'ग्राउण्ड स्टेशन' निर्माणको काम समयमै गर्न नसकेकाले सो कुराको जानकारी जापानस्थित क्युटेक विश्वविद्यालयमा हाल अध्ययनरत नेपाली विद्यार्थी हरिराम श्रेष्ठले नाष्टका वैज्ञानिकलाई जानकारी गराए । पहिलो पटक नेपाली स्याट-१ ले खिचेका सो तस्वीर केही धमिलो कैद भएका नाष्टका प्रविधि सङ्काय प्रमुख रवीन्द्रप्रसाद ढकालले जानकारी दिए ।

'आकाशमा बादल लागेको र बढी घाम लागेका बेला भूउपग्रहले धमिलो तस्वीर कैद गर्ने गर्छ,' उनले भने 'नेपालमा 'ग्राउण्ड स्टेशन' निर्माण नभइसकेकाले जापानको क्युटेक विश्वविद्यालयले सो कुराको जानकारी हामीलाई गराएको हो ।' नेपाली स्याट-१ ले सूर्य र पृथ्वीका तस्वीरका अलवा चीन र भारत सिमानाका तस्वीर पनि कैद गरिसकेको बताइएको छ ।

अनुभवी दक्ष जनशक्तिको अभाव, प्रशासनिक विधि र सार्वजनिक खरीद ऐनमा समय खर्च गर्नुपरेकाले नाष्टमा समयमै ग्राउण्ड स्टेशन निर्माण गर्न नसकिएको ढकालले जानकारी दिए । नेपालमा ग्राउण्ड स्टेशन निर्माणमा ढिलाइ भएसँगै देशले आफ्नो भूउपग्रहबाट समयमै आवश्यक सूचना प्राप्त गर्न सकेको छैन । नेपालमै नेपाली स्याट-१ बाट सूचना प्राप्त गर्न नाष्टले आउँदो शुक्रबारसम्ममा ग्राउण्ड स्टेशन निर्माण सम्पन्न गर्ने जानकारी गराएको छ ।

नाष्टमा ग्राउण्ड स्टेशन निर्माणका लागि सात देशबाट सामग्री सङ्कलन गर्नुपरेको ढकालले बताए । सो नाष्टको कार्यालयभित्र ऐन्टेना जडान गरिसकेपछि र त्यसमा प्राविधिक समस्या भएन भने अबको एक हप्तामा भूउपग्रहबाट सूचना लिनसक्ने उनको भनाइ थियो । नाष्टले ग्राउण्ड स्टेशन निर्माणका लागि अनुमतिपत्र लिनुपरेकाले त्यसमा केही दिन समय खर्च गर्नुपरेको हो । नेपाली स्याट-१ सँग निरन्तर दुईदेखि तीन वर्ष तस्वीर सङ्कलन गर्न सक्ने क्षमता छ ।

# आफ्नै कारणले काङ्ग्रेसको बिजोग : महामन्त्री शशांक

**काठमाडौं ।** नेपाली काङ्ग्रेसका महामन्त्री डा. शशांक कोइरालाले आफ्नै कारणले हार व्यहोर्न बाध्य भएको बताएका छन् ।



काङ्ग्रेसको नेतृत्व परिवर्तनका लागि कार्यकर्तालाई तयार रहन आग्रह गर्दै महामन्त्री शशांकले पार्टीलाई नयाँ दिशा दिन नेतृत्व फेर्नुपर्नेमा जोड दिए ।

नेपाली काङ्ग्रेस तनहुँद्वारा आयोजित अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले काङ्ग्रेसलाई एकजुट बनाउने नेतृत्व आवश्यक रहेकामा बताएका हुन् । 'काङ्ग्रेसलाई नयाँ दिशा दिनसक्ने सभापति अबको महाधिवेशनबाट निर्वाचित हुनुपर्छ,' कोइरालाले थपे 'त्यसका लागि कार्यकर्ताले आजैदेखि मानसिकता बनाउनुपर्छ ।'

गुट उपगुट अन्त्य गर्दै काङ्ग्रेसभित्रलाई एक ढिक्का बनाउने नेतृत्व राज्न कार्यकर्तालाई आग्रह गरेका छन् । 'मैले यसो भनिरहँदा पार्टी सभापति शेरबहादुरको विरोध गरेको होइन,' उनले थपे 'तर पार्टीभित्र नेतृत्व परिवर्तनको खाँचो छ, नेतृत्व परिवर्तन गर्नुपर्छ भन्ने पक्षको व्यक्ति म हुँ ।'

काङ्ग्रेसलाई कसैले पनि हराउन नसक्ने दाबी गर्दै महामन्त्री कोइरालाले हारे आफ्नै कारणले मात्र हार्ने ठोकुवा गर्नुभयो ।

उनले पार्टीको प्रदेश संरचना गठन हुन बाँकी रहेकाले प्रदेशको संरचना टुङ्गो लगाएपछि पार्टीको महाधिवेशन हुने समेत जनाए । 'अहिले प्रदेशमा चुनाव गराए भन्दा पनि सर्वसम्मत प्रक्रियाबाट नेतृत्व चयन गर्नेतर्फ पार्टीमा छलफल भइरहेको छ,' उनको भनाइ थियो ।

यसैबीच डा. शशांकले मातृशोकमा रहेका नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य गोविन्द भट्टराईलाई भेटेर समेत समवेदना प्रकट गरेका थिए ।

सोही क्रममा कोइरालाले दिवङ्गत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनलाई समवेदना व्यक्त गरेका हुन् ।

# पूर्वानुमान गर्न सेन्सर जडान

**काठमाडौं ।** विपद व्यवस्थापनका लागि जिल्लास्थित कोहलपुर र बैजनाथमा सेन्सर जडान गरिएको छ । विपद सम्बन्धी पूर्वजानकारीका लागि दुई स्थानीय तहमा अत्याधुनिक सेन्सर जडान गरिएको हो ।

स्थानीय तहसँगको समन्वयमा ताइवानी संस्था नेशनल साइन्स एण्ड टेक्नोलोजी सेन्टर फर डिजास्टर रिडक्सन (एनसिडीआर)को आर्थिक सहयोगमा कोहलपुर र बैजनाथका १२ स्थानमा सेन्सर जडान गरिएको हो । जडान गरिएका सेन्सरलाई नियन्त्रण गर्नका लागि कोहलपुर नगरपालिका परिसरमा प्राविधिक कक्षसमेत स्थापना गरिएको छ ।

सेन्सरबाट प्राप्त सूचनाहरूलाई अध्ययन गर्दै सोही कक्षबाट विपदसम्बन्धी पूर्वानुमान लगाउन सकिने एनसिडीआरका निर्देशक डा चेङ होडले जानकारी दिनुभयो । एनसिडीआरका निर्देशक डा चेङ होडका अनुसार सेन्सरले विपद आउनुअघि साइनरमार्फत जानकारी दिनेछ । सेन्सरले विपदसम्बन्धी सबै सूचना सङ्कलन गरी सर्वसाधारणलाई जानकारी दिने व्यवस्थासमेत मिलाइएको छ ।

मोबाइल एप्लिकेसनमार्फत मोबाइलबाटै जानकारी लिन सकिने उक्त प्रविधिले सेन्सरबाट ३ रेक्टर स्केलभन्दा बढीको भूकम्प आउँदा, वर्षाको पानी र हावाहुरीसमेत मापन गर्ने जनाइएको छ । करीब तीन महीना लगाएर दुई स्थानीय तहमा सेन्सर जडान गरिएको कोहलपुर नगरपालिकाका प्रमुख लुटबहादुर रावतले जानकारी दिए ।

भूकम्प, बाढी, डुबान, वर्षा र हावाहुरीबारे पूर्वसूचना प्रणालीका लागि कोहलपुर नगरपालिकाका छ स्थान र बैजनाथ गाउँपालिकाकाका छ स्थानमा सेन्सर जडान गरिएको प्रमुख रावतले बताए ।

**कोसेली मिडिया सपोर्ट प्रा.लि.का लागि प्रकाशक/प्रधान सम्पादक** : केदारनाथ गौतम **कार्यकारी सम्पादक** : सानु राय (गौतम) **अतिथि सम्पादक** : शिव बस्नेत
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४९६००२०९ **इमेल** : janajibro@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं